## श्री महाकाली नमूना माध्यमिक विद्यालय गमगढी, मुगुको चिनारी तथा कार्यक्रम

### १.१ महाकाली नमूना माध्यमिक विद्यालयको ऐतिहासिक पृष्ठभूमी :

यस विद्यालयको अभिलेख अनुसार विद्यालयका संस्थापक स्वर्गीय श्री मिन बहादुर मल्ल, स्वर्गीय श्री मन बहादुर मल्ल, स्वर्गीय श्री कृष्ण बहादुर मल्ल र स्वर्गीय श्री विर्ष बहादुर हितानको संयुक्त प्रयासमा वि.स.२०११ सालमा श्रीनगर गाउँको भारेकोट मा भाषा पाठशालाको रुपमा स्थापना भएको पाइन्छ । वि.सं.२०११ सालमा यस भाषा पाठशालाले प्राथमिक विद्यालय सन्चालनको स्वीकृती पाएको र २०२२ सालमा विद्यालयका संस्थापकहरुकै प्रयासले निम्न माध्यमिक विद्यालयको स्वीकृति पाई सन्चालन भएको पाइन्छ । वि.सं २०२३ सालमा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य माननीय स्व.श्री कृष्ण बहादुर मल्लको अथक प्रयासले माध्यमिक विद्यालय सन्चालनको स्वीकृति पाई हालको गमगढी बजारमा सारिएको छ । तत्पश्चात वि.सं.२०४९ सालमा भू.पू.शिक्षा राज्यमन्त्री श्री हस्त बहादुर मल्ल ज्यू र भू.पू जिल्ला विकास समिति सभापति श्री बखत बहादुर शाहीको सक्रियतामा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरि १०+२ विद्यालयको रुपमा स्थापित भएको पाइन्छ ।

यस विद्यालयलाई स्थानीय शिक्षा प्रेमी, बुद्धिजिवी, समाजसेवी, सर्वसाधारण सबैको राय सुझावका आधारमा मुगु जिल्लाको गमगढी स्थित श्री कालिका मालिका देवीको नामलाई सम्बोधन हुने गरि श्री महाकालीको नामबाट नामाकरण गरे पश्चात हाल श्री महाकाली नमूना माध्यमिक विद्यालयको नामबाट परिचित हुन पुगेका छ । विद्यालयलाई स्थापनाकाल देखि हालसम्म स्थानीय समुदाय, सरकारी, गैरसरकारी संघ संस्था तथा व्यक्तित्वहरुबाट भौतिक आर्थिक तथा नैतिक सहयोग हुदै आएको छ ।

### १.२ विद्यालयको भौगोलिक अवस्था :-

मुगु जिल्लाको सदरमुकाम  छायाँनाथ रारा नगरपालिका वडा नं १ गमगढी स्थित यस श्री महाकाली नमूना माध्यामिक विद्यालय जिल्ला कै जेष्ठ र ऐतिहासिक विद्यालय हो । समुद्र सतह देखि करिब २००० मिटर अग्लो भू.भागमा अवस्थित यस विद्यालय चिसो र ठण्डा हावापानी वाट प्रभावित छ । धरातलीय स्वरुपवाट हेर्दा हिमाली प्रदेश भिरालो जमिन केही समथर भू.भाग खोला नदी ताल गल्छी र होचो पहाडी भुमी भएको विद्यालयका वातावरणीय विशेषता हुन्  । समुन्द्र सतहबाट करिव २००० मिटरदेखी माथि ३००० मिटरसम्मको उचाई भएको भूखण्डहरु पर्दछन् । कहि मलिलो माटो त कहि वलौटे माटोका कारण कृषि उत्पादनका लागी  विविधतापूर्ण अवस्था देखिन्छ ।

### १.३ विद्यालय रहेको समुदायको वनोट. :-

यस विद्यालय सेवा क्षेत्रका वासिन्दाहरुमा मुख्य गरि क्षेत्री, दलित, ठकुरी, ब्राम्हण, तामाङ्ग जातिका मानिसहरुको बसोवास छ । यस विद्यालयको सेवा क्षेत्रमा क्षेत्री समाजको बाहुल्यता छ भने अन्य जातिहरुको वसोवास कमै बाहुल्याता भएको पाईन्छ । यस विद्यालयको सेवा क्षेत्रमा वसोवास गर्ने मानिसहरु अधिकांश खस नेपाली भाषा बोल्दछन् । थोरै थोरै सङख्यामा तामाङ्ग भाषा बोल्दछन् । जुन सदरमुकाममा बसाईसराई गरि बसेका तामाङ्ग जातिले मात्र बोल्दछन् । कोही भोटे जातिका व्यक्तिहरुले भने भोटे भाषा प्रयोग गर्ने गर्दछन् ।

### १.४ विद्यालय सेवा क्षेत्र :-

यस महाकाली माध्यमिक  विद्यालय +२ सम्मको अध्ययन अध्यापन हुने भएकोले र जिल्ला सदरमुकाममा समेत अवस्थित  भएकोले सेवा क्षेत्रलाई  सिमित घेरामा राख्ने कठिन छ । किन भने विद्यालयमा व्यापारी कर्मचारी हरुका समेत बालबालिकाहरु अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् । भौगोलिक रुपमा यस विद्यालयको सेवा क्षेत्रमा छायाँनाथ रारा नगरपलिका भित्र पर्ने १४ वडाका गाउँवस्तीहरुमा श्रीनगर ,कार्कीवाडा रोवा ,पिना ,रुगा तथा रारा पर्दछन साथै यो जिल्लाको सोरु गाउँपालिका र खत्याड गाउँपालिकाका केही क्षेत्र यस विद्यालयका सेवा क्षेत्र भित्र पर्नुका अतिरिक्त हुम्ला जिल्लाको दार्म र जुम्ला जिल्लाका वोता मालिकाका वस्ती समेत विद्यालय सेवा क्षेत्र भित्र पर्दछन ।

### १.५ विद्यालय सेवा क्षेत्रको साँस्कृतिक अवस्था :-

यस विदयालय सेवा क्षेत्रमा वसोवास गर्ने अधिकाशं मानिसहरु हिन्दु धर्म मान्दछन र केही वसाई सराई गरि आएका भोटे तामाङ्ग जातका मानिसहरले बौद्ध धर्म मान्दछन् । छुट फुट रुपमा क्रिश्चियन धर्म मान्नेहरु तथा इस्लाम धर्मावलम्वीहरु पनि छन् । आ-आफ्नो धर्म अनुसार हिन्दुले दशै, तिहार, पुर्णिमा, तिज बौद्धहरुले ल्होसार, क्रिश्चियनहरुले क्रिस्मस डे मनाउने गर्छन । धार्मिक रुपले भिन्न भिन्न भएपनि धार्मिक सहिष्णुता भएको पाइन्छ । एक अर्का बिच कुनै धार्मिक भेदभाव देखिदैन । स्वतन्त्र रुपले आफ्नो धर्म अनुसारका संस्कारहरु संचालन गर्दछन । परम्परावादी सोच र विश्वास समाजमा अझै पनि अत्याधिक मात्रामा  रहेको पाईन्छ । धामी झाँक्री र झारफुक प्रथाको विश्वास गर्ने गर्दछन् । देउडा, खेल, गीत, विभिन्न पनि पर्वहरु यहाँको सांस्कृतिक परम्परा हो ।

**१.६ विद्यालय सेवा क्षेत्रको आर्थिक अवस्था :-**  यस सेवा क्षेत्रको वासिन्दाहरुको जीवन निर्वाहको मुख्य पेशा व्यवसाय कृषि, पशुपालन, जडिवुटि सङ्कलन र व्यापार हो । सरकारी सेवा क्षेत्रमा प्रवेश गर्नेको सङ्ख्या न्यून छ भने केही मात्रा स्थानिय गैर सरकारी संघ संस्थामा रोजगारीको अवसर प्राप्त गरेका छन । वैदेसिक रोजगारको नाममा आफ्नो रोजी रोटीका लागी भारतको नैनी ताल, अलमौडा सम्म श्रमका लागि जाने मानिसहरुको बाहुल्यता छ । हाल वैदेशिक रोजगारीको शिलशिलामा विश्वका अन्य मुलकमा जाने प्रचलन पनि बढ्दै आएको देखिन्छ । सेवा क्षेत्रका वासिन्दाहरुको आफ्नो  वर्षभरीको खेती कमाईले ६ महिनाका लागि पनि खान पुग्दैन । फलफूल स्याउ, तरकारीमा आलु, सिमी बिक्री गर्ने राडी, पाखी बुन्ने, पशुपालन गर्ने कामबाट न्यून मात्रामा आम्दानी गरिने भएकोले कृषि र पशुपालनलाई आम्दानीको स्रोतको रुपमा लिएको देखिन्छ । सरकारी अनुदान वितरणमा गरिने खाद्य संस्थानको सस्तो चामलका लागि लाइनमा बस्नु पर्ने बाध्यकालीन

जीवनशैली बाट बल्ल बल्ल मुक्त हुन सकेका छन् । जिल्लाको सदरमूकाम गमगढी सम्म सडक यातायात सञ्चालन भएदेखि मानिसको जीवन स्तरमा सहजता आउन थालेको छ ।

**खण्ड २ विद्यालयको दूरदृष्टि,लक्ष तथा उद्येश्य** :

**२.१ दूरदृष्टि :**

विद्यालयको सबै पक्षको विकास गरी विद्यालय उमेरका सबै वालवालिकाहरुको गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गरि नमूना विद्यालयको रुपमा स्थापित हुनेछ साथै वालकेन्द्रित रचनात्मक सिकाई मार्फत उच्चतम सिकाई उपलब्धि सुनिश्चित गरि प्रतिस्पर्धी, स्वयं प्रेरित एवं लगनशिल जनशक्ति उत्पादन गर्ने संस्थाको रुपमा समेत विकास हुनेछ ।

**२.२ लक्ष्य :**

क) आवश्यकता अनुसारका भौतिक संरचनाहरुको निर्धारित मापदण्ड बमोजिम निर्माण तथा प्रयोग हुने ।

ख) हालको औसत सिकाई उपलब्धिमा अभिबृद्धि गर्नका लागि वालमैत्री सिकाई क्रियाकलापहरु सन्चालन हुने ।

ग) विद्यालयमा सबै खालका शैक्षणिक योजनाहरुको निर्माण गरि प्रभावकारी कार्यान्वयन हुने ।

घ) सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य गरि विद्यालय विकासमा समान सहभागिताको अवसर सुनिश्चित हुने

ङ) विद्यालयका कक्षाकोठाहरुमा आधुनिक सूचना र सञ्चार प्रविधिमैत्रीयुक्त बनाई सबै वालवालिकाहरुलाई न्यूनतम कम्प्यूटरका आधारभूत ज्ञानको सुनिश्चित हुने ।

च) लेखा र जिन्सी प्रणालीलाई व्यवस्थित गरि विद्युतीय प्रणालीमा अभिलेख राख्ने व्यवस्था मिलाई पारदर्शितालाई सुनिश्चित गरिने ।

छ) विद्यालयका आन्तरिक आम्दानीका स्रोतहरु पहिचान गरी अधिकतम उपयोगको व्यवस्था मिलाउने ।

ज) विद्यालयको हाता भित्र फलफूल तथा अन्य विरुवाहरु वृक्षारोपण गरि हराभरा वातावरणय सुजना गर्ने र विद्यालय सरसफाइका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गरि फोहोर संकलन र प्रसोधन गर्ने वातावरण तयार गर्ने तथा विद्यालय हाताको सरसफाइका लागि निरन्तर सरसफाई योजना बनाइ कार्यान्वयन गर्ने ।

झ) प्रारम्भिक रुपमा प्रधानाध्यापकले विद्यालयका सम्पूर्ण क्रियाकलापहरुको अनुगमन गरी सुधारका लागि कार्यक्रम बनाई लागु गर्ने र सघन रुपमा सबै सरोकारवालाहरुको सहभागितामा अनुगमन योजना बनाई विद्यालय अनुगमन गर्ने व्यवस्था मिलाउने ।

ञ) विद्यालयका सम्पूर्ण गतिविधिहरुलाई सुचारु रुपमा सन्चालन गर्नका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।

ट) विद्यालय विकासको गुरु योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

ठ) विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्ने ।

ड) कोभिड १९ जस्ता महामारी र अन्य विपतको समयमा सिकाई निरन्तरताका लागी आवश्यक कार्यक्रम बनाई लागु गर्ने ।

ढ) प्र.अ.ले शिक्षा अधिकृत र वि.व्य.ससँग कार्य सम्पादन करार गर्ने र अन्य शिक्षकहरुले प्र.असँग कार्य सम्पादन करार गरि विद्यालयका सम्पूर्ण गतिविधहरु सन्चालन गर्ने ।

**२.३ उद्येश्य :**

क) विद्यालयमा वालमैत्री विद्यालय भवनहरुको निर्धारित मापदण्ड अनुसार निर्माण गर्ने ,

ख) विद्यालय हाताको घेरावार, खेलमैदान, छात्रावास, शौचालय, खानेपानी र अन्य आवश्यक भौतिक संरचनाको निर्माण गर्न प्रस्तावना तयार गरि विभिन्न निकायमा पेश गर्ने,

ग) प्राथमिक तहको कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्या वृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरु वनाई लागु गर्ने,

घ) हालको वास्तविक सिकाई उपलब्धि पत्ता लगाई निरन्तर रुपमा शत्प्रतिशत उपलब्धि हाँशिल गर्ने व्यवस्था मिलाउने,

ङ) परिमार्जित पाठ्यक्रमका आधारमा विद्यालयको दैनिक समय तालिका बनाई शिक्षण क्रियाकलापहरु सन्चालन गर्ने र मूल्यांकनका मापदण्डहरु अनुसार विद्यार्थी मूल्यांकनलाई कार्यान्वयन गर्ने,

च) विद्यालयका सबै शैक्षणिक योजनाहरु सहभागितामूलक रुपमा तयार गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

छ) विद्यमान जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गर्न कार्यभिाजन गरि जिम्मेवारी वहन गर्ने वातावरण सृजना गर्ने

ज) विज्ञान प्रयोगशाला, कम्प्यूटर कक्ष र पुस्तकालयमा आवश्यक सामग्रीहरु व्यवस्थापन गरि उचित प्रयोगको व्यवस्थापन मिलाउने ।

झ) निर्माणाधिन भौतिक संरचनाहरुको यो आर्थिक वर्ष भित्रै निर्माण कार्य सम्पन गराई प्रयोग गर्न सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

ञ) विद्यालयमा खानेपानीको नियमित आपूर्ती गरि शौचालय र व्यक्तिगत सरसफाईका लागि प्रयोग गर्ने व्यवस्था गर्ने ।

ट) विद्यालयको परिसरको सरसफाईका लागि योजना बनाई आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।

ठ) विद्यालयमा खेर गैरहेका पूराना निर्माण सामग्रीहरुको लिलाम विकि गरि आम्दानी बृद्धि गर्ने ।

ड) विद्यालयका सम्पूर्ण अभिलेखहरुलाई विद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने ।

ण) विद्यालयका सम्पूर्ण क्रियाकलापहरुको तोकिएको मापदण्डमा सामाजिक तथा लेखा परिक्षण गराई सार्वजनिक गर्ने ।

त) विद्यालयको आफ्नै Website तयार गरि सम्पूर्ण गतिविधिहरु सो मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

थ) सबै सरोकारवालाहरुसँग विद्यालय विकासका लागि समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउने ।

द) स्वास्थ्य संस्थाहरुसँग समन्वय गरि विद्यार्थीहरुको मासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउने र विद्यालयमा प्राथमिक उपचार वाकसको व्यवस्था गर्ने ।

ध) गुनासो सुनुवाईलाई व्यवस्थित गर्नका लागि गुनासो सुझाव पेटिकाको व्यवस्था गरि गुनासो सम्पर्क शिक्षक मार्फत साप्ताहिक रुपमा गुनासो व्यवस्थापन गर्ने ।

न) नमूना विद्यालय विकास गुरुयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

प) नियमित रुपमा स्टाफ मिटिंग गरि कार्य प्रगतिको समीक्षा र योजना बनाउने ।

फ) शिक्षक तथा विद्यार्थीका लागि आवास निर्माणका लागि आवश्यक पहल गर्ने ।

ब) राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ बमोजिम कक्षा १ देखि ८ सम्म स्थानिय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने ।

भ) सबै तहका पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीका व्यवस्था गरि प्रयोगको अवस्था सुनिश्चित गर्ने ।

म) शैक्षिक बुलेटिन, स्मारिका र विद्यालय गतिविधि झल्काउने खालका पत्रपत्रीकाहरु प्रकाशन गर्ने ।

य) विपद् जोखिम न्यूनीकरण तथा विपद्जन्य महामारीबाट बच्न र त्यस्ता खालका विपद्मा पनि शिक्षण क्रियाकलापहरुलाई सुचारु रुपमा सन्चालन गर्न वैकल्पिक शिक्षाका कार्यक्रमहरु सन्चालन गर्ने व्यवस्था मिलाउने ।

र) प्र.अ.ले शिक्षा अधिकृत र वि.व्य.ससँग कार्य सम्पादन करार गर्ने र अन्य शिक्षकहरुले प्र.असँग कार्य सम्पादन करार गरि विद्यालयका सम्पूर्ण गतिविधहरु सन्चालन गर्ने ।

## खण्ड ३ : विद्यालयको विद्यमान अवस्थाको विष्लेषण

**३.१ विद्यालय सेवा क्षेत्रको जनसंख्या विवरण :-**यस विद्यालयको सेवा क्षेत्रमा पर्ने छायाँनाथ रारा नगरपलिका भित्रका विभिन्न वडाहरुको जनसंख्या तथ्याङ्कको आधारमा जम्मा घर धुरी संख्या ३०७५ महिलाको संख्या ८१६६ पुरुषको संख्या ८५३९ गरी कुल जनसंख्या १६७०५ छ । यस विद्यालय सेवा क्षेत्रमा जात जातीहरुमा ठकुरीहरुमा मल्ल, शाही, हमाल, क्षेत्रीहरुमा भाम, रोकाया, रावल, कार्की, बुढा, सेजुवाल, ऐडी, बढुवाल, खड्का जस्ता क्षेत्री जातहरु तथा दलितहरुमा कामी, लोहार, नेपाली, लावड, भियाल, कुलाल, बाह्मण जातिहरुमा चौलागाईहरुको बसोवास देखिन्छ । न्यून संख्यामा लामा जातिको वसोवास भएको हुनाले तिनीहरुको जनसंख्या पनि न्यून रुपमा रहेको देखिन्छ । जनसंख्या विवरणलाई तलको तालिकाबाट प्रष्ट देखाइएको छ ।

छायाँनाथ रारानगरपालिका भित्र पर्ने तत्कालीन ५ गाउँविकास समितीहरुको जनसंख्या विवरण

तालिका नं. १ (साविकको गा.वि.सगत जनसंख्या )

| सि.नं. | ग.वि.स. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | पिना | ६७२ | १९७० | १८७७ | ३८४४ |
| २ | कार्कीवाडा | ६६२ | १८३४ | १८२० | ३६५४ |
| ३ | श्रीनगर | ७७२ | २०१७ | १८८९ | ३९०६ |
| ४ | रुगा | ७०९ | १९९६ | १९०३ | ३८९९ |
| ५ | रारा | २४२ | ७२२ | १७७ | १३९९ |
| जम्मा | | ३०७५ | ८५३९ | ८१६६ | १६७०५ |

स्रोत:राष्ट्रिय जनगरणा २०६८

यस विद्यालय सेवा क्षेत्र भित्र पर्ने छायाँनाथ रारा नगरपालिका को तत्कालीन तथ्याङ्क अनुसार जम्मा घरघुरी संख्या ३०७५र कूल जनसंख्या १६७०५ मा पुरुषहरुको जनसंख्या ८५३९र महिलाको जनसंख्या ८१६६ देखिन्छ ।

**३.२ विद्यालय सेवाक्षेत्रको उमेरगत जनसंख्या विवरण :-**

तालिका नं.२ ( साविकको गा.वि.स. र वडागत जनसंख्या )

| क.सं. | वस्ती तथा वडा | लिङ्ग | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१८ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीनगर १,२,३ | बालक | १७८ | २३३ | १८७ | १२१ | ७१९ |
| | | बालिका | १५३ | १७४ | १८७ | ९८ | ६१२ |
| | | जम्मा | ३३१ | ४०७ | ३७४ | २१९ | १३३१ |
| २ | कार्कीवाडा | बालक | २३१ | २२८ | २२३ | १०९ | ७८४ |
| | ४,५ | बालिका | १७८ | २२० | १९२ | ७२ | ६६२ |
| | | जम्मा | ४०९ | ४४८ | ४१५ | १८१ | १४४६ |
| ३ | पिना ६,७,८ | बालक | १९० | २४३ | १६३ | ३७ | ६३३ |
| | | बालिका | १८७ | २३९ | १७१ | ५३ | ५५० |
| | | जम्मा | ३७७ | ४८१ | ३३५ | ९० | ९८३ |
| ४ | रुगा १४,१५ | बालक | २६९ | २९१ | १९१ | ७० | ७९६ |
| | | बालिका | २५६ | २८७ | २५१ | ११८ | ९२५ |
| | | जम्मा | ५२५ | ५७८ | ४४२ | १८८ | १७३३ |
| ५ | रोवा १०,११,१२ | बालक | २१० | ३५० | २९८ | १४४ | १००२ |
| | | बालिका | २२९ | २७६ | २८६ | १८६ | ८७७ |
| | | जम्मा | ४३९ | ६१६ | ५८४ | २३० | १८७९ |
| | कूल जम्मा | | २०८१ | २५३० | २१५० | ९०८ | ६३७२ |

स्रोत : राष्ट्रिय जनगरणा २०६८

यस विद्यालय सेवा क्षेत्र भित्र तत्कालीन ५ वटा गाउँ विकास समिती तथा वर्तमान छायाँनाथ रारानगरपालिकाको वडा नं १ देखि १४ सम्म उमेर गत जनसंख्या विवरणलाई हेर्दा सवै भन्दा बढी ५ देखि ९ वर्षको उमेर समुहमा २५३० र सवै भन्दा कम १५ देखि १८ वर्ष उमेर समूहको जनसंख्या ९०८ देखिन्छ ।

### ३.३. भौतिक व्यवस्थापन

मानिसका अति आधारभूत आवश्यकता गास, कपास र बास हुन् । त्यस्तै विद्यालयको अति आधारभूत आवश्यकता भनेको यसको भौतिक पक्ष हो । विद्यालयमा कम्तिमा आफ्नो आवश्यकता अनुसारको भवन, शौचालय, फर्निचर, खानेपानी, खेल्ने मैदान र घेरावार हुनु पर्छ । यसका अलावा, समय सापेक्ष र श्रोतले भ्याए सम्म आधुनिक सुविधाहरु जस्तै बाटोघाटो, विद्युत, संचार (टेलीफोन, कम्प्युटर, इमेल, इन्टरनेट, टेलिभिजन र अन्य डिजिटल सामग्री) आदिको समेत व्यवस्था हुनु पर्छ ।

### (क) विद्यालय भवन

विद्यालयको लागि आफ्नो जमीन पछिको पहिलो आवश्यकता यसको भवन हो । श्री महाकाली नमूना माध्यमिक विद्यालय गमगढीमा साना ठूला गरी १० भवन (ब्लक) छन् । यी भवनहरु विभिन्न समयमा विभिन्न श्रोतबाट बनेका हुन् । एउटा पुरानो भवन बाहेक

अरु भवन आधुनिक प्रकारका छन् । विद्यालयमा भएका भवनहरुको कोठा संख्या र तिनको आकार तथा निर्माण लागत निम्नानुसार रहेको छ ।

| क्र सं | भवन/ ब्लक | कोठा संख्या | कोठाको आकार | निर्माण मिति | निर्माण सहयोग |
|---|---|---|---|---|---|
| १ | पुरानो कार्यालय भवन | ४ | हल १३.७०×१० मी | २०५० साल | तात्कालिन जिल्ला विकास समितिको आर्थिक सहयोग |
| २ | डि.एफ्.आइं.डि. भवन | ८ | ४० मी × ८ मी | २०६०/ ०६१ | वेलायत सरकार सहयोग नियोगको आर्थिक सहयोग |
| ३ | शिक्षा विभागबाट प्राप्त भवन | ३ | १६ मी × ८ मी | २०६४/ ०६५ | नेपाल सरकारको आर्थिक सअयोग अनुदान |
| ४ | विज्ञान भवन | ८ | ३६ मी × ८ मी | २०७२ साल | नेपाल सरकारको आर्थिक सहयोग अनुदान ६० लाख |
| ५ | प्रदेश सरकारबाट प्राप्त भवन | ३ | २० मी × ८ मी | २०७४ | कर्णाली प्रदेश सरकारको आर्थिक सहयोग अनुदान ३० लाख |
| ६ | प्रदेश भवन | ६ | १६ मी × ८ मी | २०७६ | कर्णाली प्रदेश सरकारको आर्थिक सहयोग अनुदान ५० लाख |
| ७ | नमूना विद्यालय भवन निर्माणाधिन | ८ | २० मी × ८मी | २०७७।०७८ निर्माणाधिन | नेपाल सरकारको नमूना विद्यालय विकास अनुदान |
| ८ | ६ कोठे शैक्षिक भवन | ६ | १९.५ × ८ मी | निर्माण कार्यको आरम्भ | नेपाल सरकारको नमूना विद्यालय विकास अनुदान |
| ९ | २ कोठे भवन | ४ | १६ × ६ मी | २०६३ | शिक्षा विभागको अनुदान |
| १० | बहुउद्येश्यिय भवन | १ | १६ × ६ मी | २०६५ | शिक्षा विभागको अनुदान |
| ११ | पुरानो कार्यालय भवन | ४ | १६ × १० मी | २०५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | विशेष कक्षाका लागि छात्रावास निर्माणाधिन भवन | १६ | २० मी × ८ मी | २०७७।०७८ निर्माण सम्पन्न | हेरेण्डेक मुगुको करीव १ करोड २० लाख |

माथि उल्लेखित भवनहरुको स्थलगत प्रत्यक्ष अवलोकन गर्दा पुरानो भवन र डि.एफ्.आइ.डि बाट निर्माण भएका भवनहरु जीर्ण अवस्थामा रहि लगभग काम नलाग्ने भै सकेको छन् । १६ वटा कोठाहरु भएका ती भवनहरु कक्षा १ देखि १० सम्मका विद्यार्थी हरुलाई कक्षा सञ्चालन गरिएका भएता पनि भवनहरु जीर्ण भई टिनका छानाबाट पानी चुहिने, काटका सिलिंग भएकाले तल माथी विद्यार्थीका हल्लाका कारण पठन पाठनमा बाधा उत्पन्न हुने, नि.मा.तह र माध्यमिक तहमा विद्यार्थीको अत्याधिक चापका कारण साँघुरा र सरसफाई गर्न अप्ठ्यारो, शैक्षिक सामग्रीहरु व्यवस्थापन गर्न कठिनाई भएका कारण ती कक्षा कोठाहरुको मर्मत अर्थात ती भवनहरुलाई विस्थापित गरि नयाँ कक्षा कोठा निर्माण गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

त्यस्तै विद्यालयमा जम्मा ५७ वटा कोठाहरु छन् । तर कक्षा सन्चालनका दृष्टिले धेरै जसो कोठाहरु उनपयुक्त देखिन्छन् । बाँकि ३६ कोठा मध्ये ८ वटा कोठाहरुमा कार्यालय, लोखा , प्रशासन, विज्ञान प्रयोगशाला, कम्प्यूटर कक्ष, पुस्तकालय र वि.व्य.स.को बैठक कक्षको रुपमा प्रयोग भएको देखिन्छ । ३ वटा कोठाहरुमा कक्षा ११ र १२ सन्चालन भएको छ । केही कोठाहरु भण्डारका रुपमा प्रयोग भएको पाइन्छ भने निर्माणाधिन कक्षाकोठाहरुको निर्माण कार्य सम्पन्न भई कक्षा सन्चालन भएका छन् ।

कक्षा कोठाका रुपमा प्रयोग भएका पूराना भवनहरु जीर्ण भएका र सुरक्षाका दृष्टिकोणबाट जोखिमपूर्ण अवस्थामा रहेका कक्षा कोठाहरुलाई विस्थापित गरि विद्यालयमा आवश्यकतामा आधारित भै नयाँ आवश्यक संरचनाहरु निर्माण गर्न पहल गर्नु पर्ने देखिन्छ । यसका लागि विद्यालयले गुरुयोजना निर्माण र विद्यालयको विस्तृत सम्भाव्यता अध्ययनको (डिपीआर) प्रतिवेदन तयार गरेको हुदा सोही अनुसार कार्यान्वयनमा सबैको पहल हुनु पर्ने देखिन्छ ।

**(ख) शौचाालय**

| क्र सं | शौचालय/ ब्लक | कोठा संख्या | निर्माण मिति | निर्माण सहयोग | कैफियत |
|---|---|---|---|---|---|
| १ | छात्रा शौचालय | १ | २०७५ साल | नेपाल सरकार | प्रयोग भैरहेको |
| २ | छात्र शौचालय | ३ | २०७६ र पुराना | नेपाल सरकार | ,, |
| ३ | छात्रा सुलभ शौचालय | २ | २०७७।०७८ | हिरिस्डेक, र केपिएडिएफ, मुगु | निर्माणाधिन |
| ४ | विशेष कक्षाका शिक्षक तथा विद्यार्थीका लागि शौचालय | ४ | २०७७।०७८ | हेरेण्डेक, मुगु | निर्माणाधिन |
| ५ | शिक्षक तथा स्टाफहरुको शौचालय अस्थायी | २ | २०७५ | विद्यालयको आफ्नै स्रोत | प्रयोगमा |
| ६ | नयाँ शौचालय | १ | २०७८ | रापट्टपति शैक्षिक सुधार कार्यक्रम | निर्माण सम्पन्न |

विद्यालयमा नियमित रुपमा पानीको आपूर्ती हुन नसक्दा शौचालयको प्रयोग र सरसफाईमा कमी देखिन्छ । विद्यार्थीहरुको चाप अनुसार शौचालयको व्यवस्था हुन नसकेका कारण निर्माणाधिन शौचालयको निर्माण कार्य पूरा गरी प्रयोगमा ल्याउन आवश्यक देखिन्छ । विद्यालयको आफ्नै पानीको मुहान भए पनि मुहान वरिपरि घेरावार र उचित मर्मत सम्भार हुन नसक्दा खानेपानीलाई नियमित आपूर्ति गर्न कठिनाइ भैरहेको हुदा सोको मर्मत गर्न आवश्यक पहल गर्नु पर्ने देखिन्छ ,

**(ग) फर्निचर**

विद्यालयमा भवन पहिलो भौतिक आवश्यकता हो भने फर्निचर दोश्रो भौतिक आवश्यकता हो । विद्यालयमा कार्यालय प्रयोजनको लागि र विद्यार्थीलाई पढ्न लेख्नको लागि फर्निचरको आवश्यकता पर्छ । यस नमूना मा.वि.मा कार्यालय प्रयोजनको लागि निम्न लिखित फर्निचर रहेका छन् ।

| क्रसं | विवरण | फर्निचर थान | कैफियत |
|---|---|---|---|
| १ | काठका कुर्सी । शोफा | १ सेट | |
| २ | प्लाष्टिका कुर्सी | ३० | |
| ३ | काठका टेबल | १० | |
| ४ | काठका ऱ्याक | १० | |
| ५ | प्लाइवुड वाल ऱ्याक | २६ | |
| ५ | स्टील । काठका दराज | ६ | |
| ६ | टिनका बाकस | २ | |
| ७ | काठको बाकस | १ | |
| ८ | आराम बेन्च | २ | |

नयाँ निर्माणधिन भवनमा कार्यालय सार्ने हो भने यी फर्निचर अपुग हुने देखिन्छन् । नयाँ स्टाफ कोठा, प्रधानाध्यपक, अभिलेख शाखा र परीक्षा शाखा रहेका कोठाको लागि आधुनिक फर्निचरको आवश्यकता देखिन्छ । त्यस्तै विद्यालयमा विद्यार्थीले प्रयोग गर्ने फर्निचर निम्नानुसार रहेका छन् ।

| क्रसं | विवरण | फर्निचर थान | कैफियत |
|---|---|---|---|
| १ | जोडुवा काठ र फलामका बेन्च डेस्क | २५० | |
| २ | सादा बेन्च | २५० | मर्मत गर्नुपर्ने |
| ३ | सादा डेस्क | २५० | मर्मत गर्नुपर्ने |
| ४ | प्लाइ उडका बेन्च | ० | |
| ५ | प्लाइ उडका डेस्क | ० | |
| ६ | प्लाइउड बुक कर्नर | १२ | कक्षा कोठामा व्यवस्थित गरिएको |

कक्षा ११ र १२ दिउँसो को समयमा चलाउँदा जम्मा मौजुदा विद्यार्थी संख्या लगभग १०५६ जनालाई फर्निचर पुग्ने अवस्था देखिदैन । यसका लागि विद्यालयले आवश्यक प्रवन्ध मिलाउनु पर्ने अवस्था छ। विभिन्न समयमा हुने विद्यालय स्तरीय र विभिन्न तह स्तरीय परीक्षा सन्चालन गर्नका लागि फर्निचरको व्यवस्थापन गर्न कठिनाई भैरहेकोले नपुग फर्निचारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**(घ) खानेपानी**

यस नमूना मा.विमा आफ्नो निजी मुहान रहेको स्थान नाउर देखि करिब ३००० मी लामो पाइप लाइन विछ्याएर गमगढी बजार हुदै विद्यालय सम्म खानेपानीको व्यवस्था गरेको भएपनि गमगढी बजारमा उक्त पाइपलाइन आफूखुशी काट्ने पानी वीच बाट नै व्यक्तिगत प्रयोगमा ल्याउने प्रचलनले गर्दा विद्यालयमा नियमित रुपमा खानेपानी आपूर्ती हुन सकेको छैन । करिब १०६५ जना विद्यार्थीलाई वर्तमान अवस्था मै खानेपानी सन्चालन गर्ने व्यवस्था रहने हो भने खानेपानी नियमित आपूर्ती हुन नसकी खानेपानी तथा शौचालयमा प्रयोग गर्न अपुग भई वातावरणिय सरसफाइमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ ।

यसको समस्या समाधानका लागि विद्यालयले मुहान देखि करिब १००० मीटरको जीआई पाइप जडानका लागि स्रोतको खोजी गरी नियमित खानेपानी आपूर्तीको व्यवस्था गर्नु पर्ने देखिन्छ। साथै मुहानलाई व्यवस्थित गर्न आवश्यक स्रोतको खोजि गरि घेरावार र मर्मत सम्भार गर्नु पर्ने देखिन्छ ।

**(ङ) विद्यालयको उपलब्ध जग्गा जमीन र अन्य सम्पत्तिको उपयोगको अवस्था**

यस महाकाली नमूना मा.वि.को स्वामित्वमा करिब १५ रोपनी जमीन छ । यस विद्यालयको स्वामित्वमा रहेको सबै जग्गाको नाप जाँच भै जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी उपभोगमा ल्याइएको छ । सबै जग्गा विद्यालयको हाताभित्र भएको हुँदा सो जग्गामा विद्यालयका संरचनाहरु निर्माण भै प्रयाग भैरहेको अवस्था छ ।

**(च) विद्यालय घेरावार :**

यस विद्यालयको जग्गाले आगटेको भू भाग घेरावार नभई विद्यालय खुल्ला रुपमा रहेका कारण वाहिरी पक्षहरुको खुला रुपमा आवतजावतले विद्यालयको पठन पाठन, सम्पत्तिको सुरक्षा, वातावरणीय सरसफाइमा प्रतिकूलता भई विद्यालयलाई प्राप्त नमूना विद्यालय विकास कार्यक्रमको भौतिक पूर्वाधार तर्फको अनुदानबाट ४४० मीटर लामो पक्की घेराबार र तार जालीको प्रयोग गरि निर्माण गरिएको छ । जसले गर्दा हाल विद्यालयका सम्पूर्ण गतिविधिहरु सन्चालनमा सहजता आएको छ ।

**३.४. विद्यालय वातावरणीय सरसफाई**

श्री महाकाली नमूना माध्यमिक विद्यालय गमगढी मुगु जिल्लाको सदरमुकामको गमगढी बजारको पूर्वि क्षेत्र मुगुम कार्मारोंग गाउँपालिकाको प्रवेशद्वार र नगरपालिकाका वाक्ला बस्ति भएका साविकका रोवा, श्रीनगर पिना, र कार्कीवाडा जाने सडक सँग जोडिएको छायाँनाथ रारा नगरपालिकाको १ नम्वर वडा भित्र पर्ने क्षेत्रमा अवस्थित छ । करवि १५ रोपनी जमीनमा फैलिएको हुदा यस विद्यालयको भौतिक संरचनाले चर्चिएको क्षेत्र भन्दा वाहिरको जमिनमा आवश्यक घेरावारको व्यवस्था मिलाई बृक्षारोपण गर्दा वातावरणिय दृष्टिकोणले अति नै सुन्दर र उपयोगी हुने देखिन्छ । विद्यालयको आम्दानी स्रोतको रुपमा लिन सकिने फलफूलहरु दाँते ओखर, कागती, सुन्तला, स्याउ जस्ता विरुवाहरु बृक्षारोपण गर्दा वातावरणिय सरसफाइ र आर्थीक विकासमा टेवा पुग्ने देखिन्छ ।

विद्यालयका सबै कक्षा कोठामा डस्टवीनको र वाहीर पट्टीका आवश्यक स्थानमा कुहिने नकुहिने फोहोरहरुलाई व्यवस्थापन गर्न कन्टेनर को व्यवस्था गर्ने र आवश्यक ठाउँमा फोहर फाल्ने खाल्डाहरुको व्यवस्था मिलाई फोहोर संकलन गर्दा फोहोर रिसाइकल गर्ने प्रविधिका माध्यमबाट सामग्रीहरुको निर्माण गरि वातावरणिय सरसफाइको प्रवन्ध मिलाउन सकिने हुदा त्यता तिर ध्यान दिन जरुरी छ । साप्ताहिक रुपमा वा अर्ध मासिक रुपमा विद्यालय परिवार लाई परिचालनको योजना बनाई वातावरणिय सरसफाई गर्न अति नै आवश्यक देखिन्छ । विद्यालयमा आवश्यक शौचालय, खानेपानी, जनचेतनामूलक सन्देश र सरसफाई सम्बन्धी आचार संहिताको व्यवस्थापन गरि कार्यन्वयन गर्दा वातावरणिय सरसफाईमा विद्यालयले आवश्यक पहल गरि रहेको छ ।

**३.५ शैक्षिक पक्ष**

विद्यालयको स्थापना नै शैक्षिक विकासको लागि भएको हुन्छ । समुदायमा रहेका विद्यालय उमेर समूहका सबै वालवालिकाको शिक्षामा पहुँच बढाउनु, विद्यालयमा पठन पाठनलाई नियमित र सुचारु बनाई शैक्षिक उपलब्धि स्तरलाई क्रमिक बढाउँदै लैजानु नै विद्यालयको प्रमुख उद्देश्य हो । यसका लागि विद्यालय र समुदायबीचको सम्बन्ध विस्तार गर्ने र शिक्षक तथा अन्य दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नाले शैक्षिक पक्ष बलियो हुन जान्छ । विद्यालयमा शैक्षिक पक्षको विकास गर्नका लागि अन्य आवश्यक पक्षहरुको विकास गर्न कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको अवस्था छ ।

**(क) आफ्नो क्षेत्रका वालवालिकाको विद्यालयमा पहुँचको स्थिति**

यस विद्यालयको कार्यक्षेत्र (Catchment Area) तहगत रुपमा फरक छ । वालविकास कक्षा र प्रावि को हकमा छायाँनाथ रारा नगरपालिकाको वडा नं १ र २ गमगढी बजार मात्रै यसको कार्यक्षेत्र भित्र पर्दछ । निमाविमा अध्ययन गर्नका लागि गमगढीका अलावा छायाँनाथ रारा नगरपालिका भित्रका ग्रामीण इलाकाहरु जस्तै छत्यालवाडा, भामबाडा, ढुम, कार्कीवाडा, चैन, माथीतुम, तलितुम, सायाँखोखा, हेर्निकाँध, फूली, निगाले, इमा, घाट र रुगा आदी क्षेत्रका वालवालिकाहरुको पठन पाठनको थलोको रुपमा यस विद्यालयलाई लिइएको छ ।

माध्यमिक तहमा यी बस्तीहरुका अलावा वडा नं. ५,६,७,१०,११,१२,१३, १४ का अन्य बस्ति  र छिमेकी गाउँपालिका सोरु, कार्मारोंग र खत्याड तथा जुम्ला जिल्लाका वालवालिकाहरु अध्ययन गरिरहेका छन् । त्यसै गरि माध्यमिक तहको कक्षा ११ र १२ मा पनि यी क्षेत्रका अलावा जिल्ला भित्रका अन्य पालिका तथा छिमेकि जिल्लाहरु जुम्ला र हुम्लाका सीमावर्ती क्षेत्रका वस्तिहरुका वालवालीकाहरुका लागि पठन क्षेत्रको रुपमा विकसित भएको छ ।

२०५५ सालको देखि नमूना माध्यमिक विद्यालयको रुपमा मान्यता पाएको यस विद्यालय शैक्षिक हिसावले जिल्लामा उत्कृष्ट विद्यालयको रुपमा स्थापित छ । जिल्लामा हरेक पक्षक कार्यक्रमहरु स्थान अभावका कारण यसै विद्यालयको खेलमैदानमा सन्चालन गरिने भएकोले यस विद्यालयको शैक्षिक अवस्थालाई चासोको रुपमा लिने गरिएकोछ । विभिन्न कार्यक्रमहरुको केन्द्र विन्दुको रुपमा रहेको यस विद्यालयको पठन पाठनमा वाहिरी वातावरणले प्रभाव पारेका हुदा शैक्षिक अवस्थामा त्यसको प्रत्यक्ष असर परिरहेको सर्ब विधितै छ ।

**(ख) पठन पाठनको अवस्था**

शैक्षिक वर्ष २०४९/०५० देखि कक्षा ११ शुरु भए यता यस विद्यालयमा वालविकास देखि कक्षा १२ सम्मको अध्ययन अध्यापन हुन्छ । शैक्षिक सूचना व्यवस्थापन प्रणाली अन्तर्गत विद्यालय स्तरीय शैक्षिक तथ्यांक २०७८ र २०७९  मा यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरको संख्या निम्नानुसार रहेको छ । त्यस्तै दलित विद्यार्थी र जनजाती विद्यार्थीहरुको संख्या पनि उक्त तथ्यांकमा समावेश गरिएको छ ।

| कूल विद्यार्थी | | | | जम्मा | दलित | | | जनजाती | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | कक्षा | छात्र | छात्रा | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पूर्व प्रावि | वाविके | ११ | १२ | २३ | ० | ३ | ३ | ० | ० | ० |
| **जम्मा** | | **११** | **१२** | **२३** | **०** | **३** | **३** | **०** | **०** | **०** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रावि | १ | ३ | ६ | ९ | **१** | ० | १ | ० | ० | ० |
| | २ | २ | १३ | १५ | ० | २ | २ | ० | ० | ० |
| | ३ | ४ | ८ | १२ | ० | १ | १ | १ | ० | १ |
| | ४ | ६ | ५ | ११ | २ | ० | २ | ० | ० | ० |
| | ५ | १० | १५ | २५ | ५ | १ | ६ | ० | ० | ० |
| **जम्मा** | | **२५** | **४७** | **७२** | **८** | ४ | १२ | १ | ० | **१** |
| निमावि | ६ | ५२ | ४९ | १०१ | **१६** | ११ | २७ | ० | १ | १ |
| | ७ | ३३ | ५१ | ८४ | १० | ७ | १७ | ० | १ | १ |
| | ८ | ४४ | ६६ | ११० | ७ | ९ | १६ | १ | ४ | ५ |
| **जम्मा** | | **१२९** | **१६६** | **२९५** | **३३** | २७ | ६० | **१** | ६ | **७** |
| मावि | ९ | ११९ | १६२ | २८१ | २५ | **२३** | **४८** | ४ | १४ | १८ |
| | १० | ४८ | २३ | ७१ | २ | २ | ४ | ४ | ६ | १० |
| **जम्मा** | | **१६७** | **१८५** | **३५२** | २७ | २५ | ५२ | ८ | २० | २८ |
| उमावि | ११ | १०२ | ७६ | १७८ | ३१ | २५ | ५६ | २ | १० | १२ |
| | १२ | ८९ | १०५ | १९४ | २४ | २८ | ५२ | २ | ११ | १३ |
| **जम्मा** | | **१९१** | **१८१** | **३७२** | **४५** | **५३** | **९८** | **४** | **२१** | **२५** |
| **कूल जम्मा** | | **५२३** | **५९१** | **१११४** | **११२** | **११३** | **२२५** | **१४** | **४७** | **६१** |

स्रोत : विद्यालयको २०७८ सालको भर्ना अभिलेख

माथिको तालिका अनुसार विद्यार्थीको चाप बढि भएका कक्षा ९ मा दुई वटा सेक्सन विभाजन गरी पठन पाठन भै रहेको छ । शिक्षक विद्यार्थी अनुपातको राष्ट्रिय मापदण्डलाई हेर्दा कक्षा  ६, ७, ८,९, १०, ११ र १२ मा समेत सेक्सन विभाजन गरी अध्यापन गर्नु पर्ने देखिन्छ । तर, प्राथमिक तहका कक्षा १ देखि ५ सम्म विद्यार्थीको संख्या तुलनात्मक रुपमा निकै कम देखिएकाले आगामी शैक्षिक सत्रमा विद्यार्थी भर्ना बढाउन विद्यालयले ठोस योजना बनाई लागू गर्नु पर्ने देखिन्छ ।

| कक्षा | दलित | | | जनजाति | | | अन्य | | | अपाङ्गता | सिमान्तकृत | कूल,जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | | | छात्रा | छात्र | जम्मा |
| प्राराम्भिक बाल विकास | | | | | | | | | | | | १५ | १२ | २७ |
| १ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ५ | १२ |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ३ | १० |
| ३ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ६ | १४ |
| ४ | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० | १ | ० | ८ | १४ | २२ |
| ५ | २ | ६ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | १४ | १६ | ३० |
| जम्मा १–५ | ४ | ११ | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४४ | ४४ | ८८ |
| ६ | ८ | १२ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४९ | २८ | ७७ |
| ७ | १२ | १७ | २९ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ४९ | ६२ | १११ |
| ८ | ६ | ९ | १५ | १ | ० | १ | ० | ० | ० | ० | ० | ६० | ४२ | १०२ |
| जम्मा ६–८ | २६ | ३८ | ६४ | ३ | १ | ४ | ० | ० | ० | ० | ० | १५८ | १३२ | २९० |
| ९ | ११ | २० | ३१ | २ | ० | २ | ० | ० | ० | १ | ० | ९४ | ९१ | १८५ |
| १० | २२ | १८ | ४० | १५ | ४ | १९ | ० | ० | ० | १ | ० | १४६ | ९९ | २४५ |
| जम्मा ९–१० | ३३ | ३८ | ७१ | १७ | ४ | २१ | ० | ० | ० | ० | ० | २४० | १९० | ४३० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७ | १८ | ३५ |
| १२ | २८ | १९ | ४७ | ९ | २ | ११ | ० | ० | ० | ० | ० | १०७ | ८८ | १९५ |
| जम्मा ११–१२ | २८ | १९ | ४७ | ९ | २ | ११ | ० | ० | ० | ० | ० | १२४ | १०६ | २३० |
| कूल जम्मा ECD–१२ | ९१ | १०६ | १९७ | २९ | ७ | ३६ | ० | ० | ० | २ | ० | ५८१ | ४८४ | १०६५ |

स्रोत : विद्यालयको २०७९ सालको भर्ना अभिलेख

माथिको विद्यार्थी भर्ना तालिका अनुसार शैक्षिक शत्र २०७९ मा यस महाकाली माध्यमिक विद्यालय श्रीनगरमा कक्षा गत रुपले भर्ना हेर्दा सबैभन्दा बढी कक्षा १० मा २४५ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने सबै भन्दा कम कक्षा १ र २ मा १२/१० जना मात्र विद्यार्थी भर्ना भएको देखिन्छ। लैङ्गिक रुपमा कूल विद्यार्थी संख्या १०६५ जना मध्ये ५८१ जना छात्र ४८४ र जना छात्रा भर्ना भएको देखिन्छ। कूल विद्यार्थी संख्यामा छात्र भन्दा छात्रा ९४ ले बढी देखिन्छ। जातिगत रुपमा दलित छात्र/छात्रा को संख्या १ कक्षा देखि १२ कक्षा सम्म १९५

जना मध्य ९८ जना छात्र र ९७ जना छात्रा देखिन्छ । जनजाति विद्यार्थीहरुको कक्षा १ देखि १२ कक्षा सम्म ५९ जना मात्र भर्ना भएका छन जसमा १८ जना छात्र र ४१ जना छात्रा विद्यार्थी छन् । अन्य विद्यार्थीहरुमा ८५३ जना मध्ये ४०७ छात्र । ४४६ छात्रा विद्यार्थी भर्ना भएको देखिन्छ ।

त्यस्तै, वालविकास कक्षा देखि १२ को पठन पाठन दिउँसोको समयमा हने हुँदा विद्यार्थीको अत्यधिक चापका कारण कक्षाकोठा व्यवस्थापन गरी पठनपाठन गर्न विद्यालयमा समस्या उत्पन्न भएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम परिमार्जन भई केही कक्षामा कार्यान्वयन भैरहेको र कुनै कक्षामा परिक्षण भैरहेको हुदा एकै खाले समय तालीका निर्माण गरि पठन पाठन गर्न पनि कठिनाई भएको छ । विद्यालय शिक्षाको विभिन्न तहको पाठ्यक्रम अनुसार दैनिक समय तालीका पाठ्यभार नभै पाठ्य घण्टाको आधारमा निर्माण गरिनु पर्ने हुँदा पाठ्यक्रम लागु भएको कक्षा र नभएको कक्षामा पाठ्यभार र पाठ्यघण्टाका समय तालिका छुट्टा छुट्टै निर्माण गरि कार्यान्वयन गर्नु पर्ने वाध्यताका कारण पठन पाठनमा समेत अप्ठ्यारो स्थिति सृजना भएको छ । नयाँ पाठ्यक्रम लागु भएको कक्षामा एक घण्टाको समय तालिका र पुरानै पाठ्यक्रम भएका कक्षाहरुमा ४५ मिनेटको घण्टि बनाउदा शिक्षकहरुलाई कक्षा सन्चालन गर्न नै मुश्किल भएको छ ।

यस महाकाली नमूना मा.वि.मा कक्षा ९ देखि कक्षा १२ सम्म ऐच्छिक विषय छनौट गर्न दिई पठनपाठन हुन्छ । कक्षा ९ देखि १२ सम्म पठनपाठन हुने ऐच्छिक विषयको तालिका निम्नानुसार छ ।

| मावि (९ र १०) | | उमावि (११ र १२) | |
|---|---|---|---|
| ऐच्छिक प्रथम | ऐच्छिक द्वितीय | ऐच्छिक प्रथम | ऐच्छिक द्वितीय |
| १. अतिरक्त गणित<br>२.जनसंख्या शिक्षा र अर्थशास्त्र | १. शिक्षा<br>४. कम्प्युटर विज्ञान | १. अंग्रेजी<br>२. नेपाली | १. अंग्रेजी<br>२. नेपाली |

हाल यस विद्यालयको कक्षा ११ र १२ मा शिक्षा शास्त्र संकाय अन्तरगत अंग्रेजी र नेपाली विषयको अध्ययन अध्यापन भै आएको छ । विद्यार्थीको माग, समुदायको आवश्यता र राज्यको शिक्षामा पहुँच बढाउने नीति अनुरुप विद्यालयमा योजना बनाई आगामि दिनमा कानून, व्यवस्थापन र विज्ञान संकाय अन्तर्गतका विषयहरु समेत संचालन गर्नु पर्ने आवश्यकता छ । यस जिल्लामा प्राविधिक धार तर्फका कक्षाहरु कमै मात्र सन्चालन भएका कारण वर्तमान समय र परिस्थिति अनुसार प्राविधिक धार तर्फका कक्षा सन्चालन तथा व्यवस्थापनका लागि आवश्यक पहल गर्नु पर्ने अवस्था छ । पाठ्यपुस्तकको अध्ययन अध्यापनले मात्र विद्यार्थीमा ज्ञान पुरा नहुन पनि सक्छ र भविष्य सम्म विद्यार्थीलाई अध्ययनशिल र चिन्तनशिल बनाउनको लागि पठनपाठनका साथसाथै विज्ञान प्रयोगशाला र पुस्तकालयको प्रयोग समेतमा रुची जगाई अभ्यस्त पार्नु पर्छ । तर हाम्रो नमूना माविमा विज्ञान प्रयोगशाला र पुस्तकालयको सामान्य व्यवस्था भए पनि त्यसको प्रयोगको अवस्था अत्यन्तै नाजुक छ । त्यसै गरी बर्तमान को समय सूचना प्रविधिको युग हो र सूचना प्रविधिसँग कक्षा कोठालाई जोडि पठन पाठनलाई सूचना प्रविधिमैत्री बनाउन यी सबै कार्यक्रमलाई बजेट व्यवस्था गरी छिटो भन्दा छिटो विस्तार गर्नु पर्ने चुनौति थपिएकोछ ।

**(ग) शैक्षिक उपलब्धि स्तर**

विद्यालयको आफ्नो पहिचान भनेकै त्यसको शैक्षिक उपलब्धि स्तर र उत्पादित विद्यार्थी हुन् । प्रत्येक तह र कक्षाको अन्त्यमा लिइने परीक्षामा कति प्रतिशत विद्यार्थी उत्तीर्ण भए र उनीहरुले हरेका विषयमा कति औषत उपलब्धि हाँसिल गरे भन्ने कुराले विद्यालयको सफलता वा असफलता देखाउँछ ।

यस जीवनज्योति उमाविको गत शैक्षिक वर्ष २०७८ मा विभिन्न तह र कक्षामा विद्यार्थीहरुले प्राप्त गरेको औषत प्राप्ताङ्क निम्नानुसार छ । निरन्तर मूल्याङ्कन प्रणाली लागू भएका कक्षा १, २ र ३ मा विद्यार्थीको औषत प्राप्ताङ्क निम्नानुसार छ ।

| कक्षा | कक्षागत औसत | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थानीय पाठ्यक्रम |
|---|---|---|---|---|---|---|---|
| ३ | ७६ | ७७ | ७६ | ७६ | ७६ | ७५ | ७७ |

कक्षा ४ र ५ का विद्यार्थीको औषत प्राप्ताङ्क निम्नानुसार छ ।

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थानिय विषय | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ५ | ७६ | ७५ | ७७ | ७७ | ७६ | ७६ | | |

निमावि तहका कक्षा ६, ७ र ८ का विद्यार्थीले प्राप्त गरेको औषत प्राप्ताङ्क निम्नानुसार छ ।

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थानिय विषय | पेशा | नैतिक र शारीकि |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ८ | ५८ | ५५ | ५७ | ५४ | ५८ | ६५ | ६५ | ६४ |

मावि तहका कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीले प्राप्त गरेको औषत प्राप्ताङ्क निम्नानुसार छ।

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वाजवा | ऐ प्रथम | ऐ द्वितीय |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ९ | ५० | ५१ | ३८ | ४९ | ४९ | ५१ | ५१ | ५१ |
| SEE | ७२ | ७१ | ५८ | ५९ | ६९ | ७५ | ७१ | ७२ |

माथिका तालिकाहरु हेर्दा निरन्तर मूल्याङ्कन प्रणालीको फलस्वरुप कक्षा १ देखि ३ सम्मको औषत प्राप्ताङ्क उच्च देखिए तापनि वास्तविकता मेल खाएको देखिदैन । तुलनात्मक रुपमा अन्य तह र कक्षामा सो औसत प्राप्ताङ्क न्युन छ। खास गरी निमावि तहको भन्दा कक्षा ९ र १० औसताङ्क  निकै कम देखिन्छ।

त्यस्तै विषयगत औषत प्राप्ताङ्क हेर्ने हो भने विद्यार्थीले गणित र विज्ञान विषयमा हासिल गरेको औषत प्राप्ताङ्क उत्तीर्णाङ्क भन्दा कम देखिन्छ। यसको प्रभाव एसएलसी उत्तीर्ण संख्यामा समेत परेको छ।

विगत पाँच वर्षको एसएलसी परीक्षाको नतिजाको तुलनात्मक विवरण निम्नानुसार छ।

| वर्ष | परीक्षामा सहभागी जम्मा | विद्यार्थी | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| २०७३ | १८० | ११२ | ६८ | ६२.२२ | ३७.७८ |
| २०७४ | १८९ | १२० | ६९ | ६३.४९ | ३६.५१ |
| २०७५ | १४८ | ७८ | ७० | ५२.७० | ४७.३ |
| २०७६ | १५९ | १५९ | ० | १०० | ० |
| २०७७ | १८१ | १८१ | ० | १०० | ० |
| २०७८ | ७० | ७० | ० | १०० | |

माथिको तालिकाले के देखाउँछ भने विगत पाँच वर्षमा यस महाकाली नमूना माविको नतिजा राम्रो छ। तर गत शैक्षिक सत्र २०७३, ०७४, ०७५ मा परीक्षामा सम्मितिल क्रमशः १८०, १८९ र १४८ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ र उत्तीर्ण प्रतिशत क्रमशः ६२.२२, ६३.४९ र ५२.७० पतिशत देखिन्छ। यसरी हेर्दा विद्यार्थीको नतीजा संतोषजनक नै देखिन्छ। शैक्षिक सत्र २०७५ मा उत्तीर्ण प्रतिशत घटेर ५२ प्रतिशत मा झरेको देखिन्छ। २०७६ र २०७७ सालमा कोभिड १९ को माहामारीका कारण औपचारिक रुपमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सन्चालन हुन नसकि विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा मूल्यांकन गरि सो को नतीजा प्रकाशित गरिएको हुदा सो नतीजा परिणाममुखी देखिदैन। माध्यमिक तहमा गणित बाहेक अन्य विषयमा आन्तरि मूल्यांकन २५ प्रतिशत गर्नु पर्ने व्यवस्था पाठ्यक्रममा भएको र सो व्यवस्थालाई तोकिएको मापदण्ड अनुसार कार्यान्वयनमा आएकोले विषयगत रुपमा पाठ्यक्रमा उल्लेख गरिएको मापदण्ड अनुसार गर्न कठिनाइ भैरहेको देखिन्छ र यसलाई सुधार गर्दै लैजानु पर्ने देखिन्छ यसरी औसत प्राप्ताङ्क पनि न्यून हुनु र उत्तीर्ण प्रतिशत पनि कम हुनु विद्यालयको स्तर माथिको प्रश्न चिन्ह को चुनौति हो। यसलाई शिक्षक, विद्यार्थी र सबै सरोकारवालाहरु मिलेर सुधार गर्नै पर्ने हुन्छ।

| क्रसं | शिक्षकको नाम थर | शैक्षिक योग्यता | अध्यापन तह र श्रेणी | नियुक्तिको किसिम | ठेगाना |
|---|---|---|---|---|---|
| १ | श्री खड्ग बहादुर रोकाया | एम एड् | मा.वि.द्विवतीय | ,, | खत्याड १०, मुगु |
| २ | श्री गोविन्द ढकाल | एमएड | ,, द्विवतीय | स्थायी | , गोरखा |
| ३ | श्री टिकालक्ष्मी हितान | एमएड | मावि द्विवतीय | ,, | कनका सुन्दरी, जुम्ला |
| ४ | श्री काली बहादुर खत्री | वि.एड. | मा.वि.तृतीय | स्थायी | ३, जाजरकोट |
| ५ | श्री खडानन्द लामीछाने | विए, विएड | ,, | करार | , दैलेख |
| ६ | श्री डम्मर बहादुर पुन | वि.एड | ,, तृतीय | करार | डुगेश्वर, दैलेख |
| ७ | श्री रामराज मल्ल | वि.एस.सी | ,, तृतीय | करार | छा.रा.न.पा १, मुगु |
| ८ | श्री प्रशान्त कुमार शाही | एम.ए | ,, तृतीय | करार | सोरु ८ |
| ९ | श्री सीता कुमारी मल्ल | वि.एड | निमावि तृतीय | स्थायी | दुल्लु दैलेख |
| १० | श्री लोकेन्द्र बहादुर मल्ल | विए | निमा द्विवतीय | ,, | छा.रा.न.पा १, मुगु |
| ११ | श्री दिनेश विष्ट | एमएड | निमा तृतीय | ,, | छा.रा.न.पा ७, मुगु |
| १२ | श्री राज कुमार केवत | विएससी | ,, | ,, | रुपन्देही |
| १३ | श्री डिलेन्द्र बहादुर मल्ल | विएड | निमावि तृतीय | राहत | छा.रा.न.पा १, मुगु |
| १४ | श्री लंक बहादुर कार्की | विएड | प्राथमिक द्विवतीय | स्थायी | खत्याड ९, मुगु |
| १५ | श्री रत्नसिंह मल्ल | प्लस टु | प्राथमिक द्विवतीय | ,, | छा.रा.न.पा १, मुगु |
| १६ | श्री संगीता मल्ल शाही | एम एड | प्राथमिक द्विवतीय | स्थायी | छा.रा.न.पा ७, मुगु |
| १७ | श्री हाँशा कुमारी वि.क | एसएलसी | प्रावि प्रथम | स्थायी | छा.रा.न.पा ११, मुगु |
| १८ | श्री आशिष मल्ल | विए, विएड | नि.मा. तृतीय | राहत | छा.रा.न.पा १, मुगु |
| १९ | श्री अर्जुन शाही | आइ.एस.सी | नि.मा. तृतीय | राहत | छा.रा.न.पा १, मुगु |
| २० | श्री गायत्री मल्ल | आइ.एड | नि.मा. तृतीय | राहत | छा.रा.न.पा १, मुगु |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री भानुभक्त रोकाया | आइ एड | प्रा तृतीय | ,, | खत्याड ५, मुगु |
| २२ | श्री पार्वती शाही मल्ल | एस्.एल.सी | वा. विकास शिक्षक | अनुदान | छा.रा.न.पा १, मुगु |
| २३ | श्री प्रविण मल्ल | आइ एड | | वि.सहायक | छा.रा.न.पा १, मुगु |
| २४ | श्री सुवास मल्ल | ,, | | क.अप्रेटर | छा.रा.न.पा १, मुगु |
| २५ | श्री ज्ञान बहादुर शाही | कक्षा १० | श्रेणीविहीन | वि.सहयोगी | छा.रा.न.पा १, मुगु |
| २६ | श्री जीत बहादुर रावल | कक्षा १ | खानेपानी चौकिदार | निजी | छा.रा.न.पा ३, मुगु |
| २७ | श्री अर्जुन सेजुवाल | आइएड | सहयोगी | आया | छा.रा.न.पा १०, मुगु |
| २८ | श्री सिउकला बुढा | सा.ले.प | आया | आया | छा.रा.न.पा १, मुगु |
| २९ | श्री चाउरा सेजुवाल | सा.ले.प | सहयोगी | निजी स्रोत | छा.रा.न.पा १०, मुगु |
| ३० | श्री अक्कल सेजुवाल | सा.ले.प | सहयोगी | निजी स्रोत | छा.रा.न.पा १०, मुगु |

**(घ) शिक्षक व्यवस्थापनको स्थितिः**

शिक्षक विद्यालयको त्यस्तो जनशक्ति हो जसले समुदायको आवश्यकता अनुसार र विद्यार्थीको रुची र क्षमता हनुसार पठनपाठन क्रियाकलाप सन्चालन गरी राष्ट्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्छ । यस महाकाली नमूना मा.विको कक्षा १ देखि १२ सम्मको लागि प्राथमिक तहमा ६, निम्न माध्यमिक तहमा ६ र माध्यमिक तहमा ९ र साविकको उच्च माध्यमिक तहमा ४ जना गरी जम्मा २५ जना शिक्षकहरु कार्यरत रहेका छन् । चालू शैक्षिक वर्ष २०७८ मा यस विद्यालयको कक्षा १ देखि १२ सम्मको लागि कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवरण निम्नानुसार छ ।

कक्षा १ देखि १० सम्म अध्यापन गर्ने शिक्षकहरु अधिकांश स्थायी र तालिम प्राप्त छन् । यस्तो दक्ष र अनुभवी शिक्षकको टीमलाई mobilize गरी अपेक्षित परिणाम निकाल्न सकिन्छ । उच्च माविका ११ र १२ का कक्षाहरु दिउँसो अन्य कक्षाहरुसँगै संचालन भइरहेका छन् । यसका लागि नेपाल सरकारको कोटा अनुदान पाउने गरी ४ जनाको शिक्षकहरुको व्यवस्था गरिएको छ । नेपाल सरकारबाट आ.व. ०६७०६८ वाट साविकको उच्च मा वि का दरवन्दि र अनुदान कोटाहरु उपलब्ध गराउदै आइरहेको सन्दर्भमा यस विद्यालयलाई ४ जना शिक्षक दरवन्दी उपलब्ध गराएको छ।

साविकको उच्च माविको काममा संलग्न शिक्षक तथा कर्मचारीहरुको नामावली यस प्रकार छ ।

| क्रसं | शिक्षकको नाम थर | शैक्षिक योग्यता | अध्यापन विषय | अन्य संलग्नता | ठेगाना |
|---|---|---|---|---|---|
| १ | गिता कुमारी शाही | एमएड | नेपाली | करार | छा.रा.न.पा १, मुगु |
| २ | श्री नरेशराज गिरी | एमएड | सामाजिक | ,, | बझांग |
| ३ | श्री सिता बुढा | ,, | जनसंख्या | करार | वाँके |
| ४ | लोकेशराज भट्ट | ,, | अंग्रेजी | करार | बझांग |


नियमानुसार साविकको उच्च माधयमिक शिक्षा परिषद् सँग गरेको सम्झैता अनुरुप सबै शिक्षक स्नातकोत्तरको उपाधि लिएका छन् । अन्य विषयहरुको पढाई सन्चालन गर्न आवश्यक कदम उठाएको खण्डमा अन्य विषयगत शिक्षकहरुको व्यवस्थापन गर्न पहल गर्नु पर्ने देखिन्छ ।

**(ङ) शिक्षक विद्यार्थी अनुपात**

| क्रसं | तह | शिक्षक संख्या | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|
| १ | प्रावि | ६ | ८८ | १:१५ |
| २ | निमावि | ७ | २९० | १:४२ |
| ३ | मावि | ९ | ४३० | १:४८ |
| ४ | उमावि | ४ | २३० | १:५८ |
| | औसत | २५ | १०३८ | १:४२ |

माथिको विद्यार्थी शिक्षक अनुपात हेर्दा प्रावि तहमा मापदण्ड अनुसार एउटा शिक्षक बढि देखिन्छ भने निमावि र मावि तहमा विद्यार्थी शिक्षक अनुपात मापदण्ड भन्दा बढी भई थप शिक्षकको व्यवस्थापन गर्न आवश्यक देखिन्छ। तर साविकको उमावि तहमा विद्यार्थी शिक्षक अनुपात नमिल्दो अवस्थामा देखिन्छ। यस बाट के प्रस्ट हुन्छ भने थप विषयगत शिक्षकहरुको व्यवस्थापन गर्न अति आवश्यक भएको देखिन्छ ।.

**३.५ विद्यालय समुदाय सम्बन्ध**




विद्यालय समुदायकै एउटा एकाइ हो। समुदाय बेगरको विद्यालय कल्पना सम्म गर्न पनि सकिदैन भने त्यस्तै समुदायलाई सबै पक्षमा सभ्य र समुन्नत बनाउन विद्यालयले आवश्यक ज्ञान, सीप र दक्षता भएका जनशक्ति उत्पादन गरेर आपूर्ति गर्दछ। यसरी विद्यालयको सर्वाङ्गिण विकासका लागि समुदाय अपरिहार्य शर्त हो। हाल आएर सरकार र दातृ संस्थाहरुले विद्यालयको विकासमा सरोकारवालाहरुलाई सक्रिय बनाउने नीति अवलम्बन गरेका छन् । यस दृष्टिकोणबाट हेर्दा समुदायमा रहेका विभिन्न स्थानीय निकायहरु जस्तै स्थानीय तह, स्थानीय शिक्षा समिति, वडा शिक्षा समिति तथा विभिन्न समूह अभिभावक र अभिभावकका प्रतिनीधिमूलक संस्थाहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको सक्रियतामा विद्यालयको विकास हुन्छ । बिद्यालय र यसका सरोकारवालाहरुको आपसी समन्वय र सहकार्य हुन सके मात्र विद्यालयको समग्र पक्षको विकास हुन्छ। जसले गर्दा परिवर्तित अवस्थासँग मेल खाने जनशक्तिको उत्पादन भई सभ्य र सुसंस्कृत समाज निर्माणको सपना साकार पार्न सकिन्छ। यस महाकाली नमूना मा.वि र सो सँग सम्बद्ध समूदायको सम्बन्ध त्यति राम्रो भएको देखिदैन । विद्यालयले सन्चालन गर्ने हरेक गतिविधिमा समुदायको उपस्थिति भएको पाइदैन । यसको वास्तविक कारण पत्ता लगाई समुदायको उपस्थिति विद्यालयमा गराउनु अति नै आवश्यक देखिएकोले सो का लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

**(क) विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.)**

विद्यालयलाई सुचारु रुपले अघि बढाउन यस श्री महाकाली नमूनामा.वि.मा छायाँनाथ रारा नगरपपालिकाको शिक्षा नियमावली, २०७४ को नियम २६ बमोजिमको तपसिलको वि.व्य.स गठन भई विद्यालयका हरेक कियाकलापहरुमा प्रत्यक्ष सहभागी भई विद्यालयको बृहत्तर विकासमा लागेको छ ।

तपसिल

| क्रसं | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ सदस्य | श्री लोकेन्द्र बहादुर मल्ल | भेलाबाट छनौट |
| २ | महिला सदस्य | श्री हिराकन्या रोकाया | ,, |
| ३ | महिला सदस्य | श्री मायादेवी मल्ल | ,, |
| ४ | सदस्य | श्री गार्ख बहादुर नेपाली | ,, |
| ५ | पदेन सदस्य | श्री पदमराज मल्ल | वडाध्यक्ष |
| ६ | शिक्षक सदस्य | श्री डिलेन्द्र बहादुर मल्ल | शिक्षक प्रतिनिधि |
| ७ | सदस्य सचिव | खड्ग बहादुर रोकाया | प्रधानाध्यापक |

विव्यसले ऐन र नियमावलीले निर्दिष्ट गरेका आफ्ना काम र कर्तब्य निर्वाह गरिरहेको छ । तर यस समितिलाई विद्यालयको वर्तमान स्थितिमा सुधार ल्याउन बढि भन्दा बढि सक्रिय बनाउन आचारसंहिता बनाई लागु गर्नु पर्ने देखिन्छ

**(ख) शिक्षक अभिभावक संघ (शिअसं)**

विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्न तथा विव्यस र शिक्षकलाई सघाउनका लागि शिक्षा नियमावली २०५९ को नियम ३० अनुसार यस विद्यालयमा मिति २०७९ साल मंसीर २३ गते तपशिल बमोजिमको शिक्षक अभिभावक संघ गठन भएको छ ।

**शिक्षक अभिभावक संघको नामावली**

| क्रसं | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | लोकराज शाही | छा.रा. न.पा.२, मुगु |
| २ | सदस्य | करुणा लावड | छा.रा. न.पा.१३, मुगु |
| ३ | ,, | नानी सेजुवाल | छा.रा. न.पा.१३, मुगु |
| ४ | ,, | जर्मकला नेपाली | छा.रा. न.पा.१, मुगु |
| ५ | ,, | अजमती भाम | छा.रा. न.पा.४, मुगु |
| ६ | ,, | विरचन्द्र बुढा | छा.रा. न.पा.१३, मुगु |
| ७ | ,, | मन बहादुर नेपाली | छा.रा. न.पा.१, मुगु |
| ८ | ,, | नन्दराज मल्ल | छा.रा. न.पा.१, मुगु |
| ९ | ,, | लोकेन्द्र बहादुर रोकाया | वि.व्यस.महाकाली न.मा.व गमगढी |
| १० | प्रधानाध्यापक | खड्ग बहादुर रोकाया | महाकाली न.मा.वि.गमगढी |
| ११ | सदस्य सचिव | | |

शिक्षा सँग सम्बन्धित ऐन नियम अनुसार गठित शि.अ.संघलाई प्रभावकारी रुपमा संचालन गर्नुपर्नेमा यो संघ केवल सामाजिक परिक्षणलाई अनुमोदन गर्ने औपचारिकतामा सिमित छ । मासिक रुपमा यो समितिको बैठक बस्न लगाई यसले खेल्नु पर्ने भूमीकाका बारे छलफल गरि विद्यालय विकासमा लगाउनु पर्ने देखिन्छ ।

**(ग) अभिभावक सम्मेलन**

विद्यालयलाई आवश्यक परेको अवसरमा अभिभावकको भेला अर्थात सम्मेलन गराइन्छ । विषेश गरी, विद्यालय व्यवस्थापन समितिको गठन गर्दा, शिक्षक अभिभावक संघको गठन गर्दा, सामाजिक परिक्षण गर्दा र अन्य ठूला निर्णयहरु गर्दा अभिभावक भेला बोलाइन्छ । वालवालिकाको प्रगती को नतीजा वितरण र वोध गराउदा अभिभावक भेला वोलाई सिकाई उपलब्धीका बारेमा अन्तरकिया गरिन्छ । तर यस महाकाली नमूना मा.वि. को सेवाक्षेत्र बृहत भएको हुँदा सबै अभिभावकहरुलाई आवश्यक परेको वेला उपस्थित गराउन अति नै कठिन देखिन्छ । अभिभावकहरु बोलाउदा पनि विद्यालय नआउने र अभिभावकहरुले विद्यालय विकासमा त्यति चासोको रुपमा नलिने अवस्था देखिन्छ ।

विद्यालय समुदाय सम्बन्ध सुदृढ पार्न तथा विद्यालय प्रति अभिभावकको चासो बढाउन र विद्यार्थीको शैक्षिक उपलब्धी स्तर बृद्धि गर्ने योजना तर्जुमा गर्न नियमित रुपमा कक्षागत तथा सम्पूर्ण अभिभिावकको भेला डाक्नु पर्ने देखिन्छ। साथसाथै हाम्रो विद्यालयमा अभिभावक दिवस मनाउने प्रचलन नभएकोले यसलाई यहि शैक्षिक वर्ष देखि शुरु गर्न लागिएको छ ।

**(घ) सामुदायिक सक्रियाताको स्थिति**

विद्यालयको सर्वाङ्गिण विकासमा समुदायको सहभागिता मात्र नभइ सक्रियता पनि अपरिहार्य छ । यस महाकाली नमूना मा.विको भौतिक विकासमा समुदायले विभिन्न समयमा सक्रिय भुमिका निर्वाह गर्दै आएको छ । विद्यालयको जग्गा व्यवस्थापन होस वा अन्य ठूला खालका समस्या समाधान होस् चन्दा संकलन गर्न होस् या धार्मीक प्रकृतीका कामहरु गर्न होस् यी यावत कुराहरुमा समुदायको सहयोग प्राप्त भएको अवस्था देखिन्छ । समुदायकै सक्रिय सहयोगमा गाउँका विकास योजनाबाट बचेको रकम विद्यालय विकासमा प्रयोग गर्न, गाउँ तथा नगर सभामा विद्यालयको विकासका लागि रकम विनियोजन गर्न गराउन समेत समुदायको उल्लेखनीय भूमिका हुन्छ । आगामि दिनहरुमा विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने समुदायलाई माथि उल्लेखित लगाएत अन्य चन्दा संकलन, मुठीदान, जनश्रमदान जस्ता कार्यमा सक्रिय पार्नुपर्ने देखिन्छ ।

**३.६. श्रोत परिचालन**

आर्थिक श्रोतको पहिचान र प्राप्त श्रोतको परिचालन विद्यालय विकासको मेरुदण्डकै रुपमा रहेको छ । आर्थिक रुपमा सम्पन्न विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर राम्रो पाईएको छ । यस महाकाली नमूना मा.विको श्रोत परिचालनको अवस्था निम्नानुसार छ ।

**(क) संघीय सरकारबाट प्राप्त श्रोत**

सामुदायिक विद्यालय भएको नाताले हाम्रो प्रमुख श्रोत भनेकै संघीय सरकारबाट प्राप्त अनुदान हो । नियमित आय व्ययको करिब ९० प्रतिशत अंश सरकारी श्रोत मै निर्भर छ । प्रायः जुन शीर्षकमा रकम आउँछ, त्यहि शीर्षकमा खर्च हुन्छ । यहाँ गत आर्थिक वर्ष २०७७/०७८ मा छायाँनाथ रारा नगरपालिका, प्रदेश सरकार, अन्य संघ संस्था र आन्तरिक आम्दानीबाट प्राप्त रकमको विवरण यस प्रकार रहेको छ ।

**रा बा बैक मुगुमा रहेको आ.ब.२०७८।०७९को चल्ती खाताको ४०६०१०००००००१०१ बिबरण**

| सि.नं. | बिबरण | आ.ब२०७८।०७९ को आम्दानी | आ.ब२०७८।०७९ को खर्च |
|---|---|---|---|
| १ | तलब भत्ता | १५८२४६५८ | १५७४९२७३ |
| २ | पाठ्यपुस्तक | ६००३८३ | ५४४७९६ |
| ३ | छात्रबृति | ३२६८०० | ४३०६०० |
| ४ | खाजा | २५६८०० | १७२७८५ |
| ५ | खुला विद्यालय | १५२००० | ११५१०० |
| ६ | विशेष शिक्षा | ७५०७०० | ७०५१०५ |

| | | | |
|---|---|---|---|
| ७ | सामाजिक ले.परिक्षण | ३५००० | |
| ८ | मसलन्द,स्टेशनरि | ३०००० | ७२०८९ |
| ९ | प्र.अ.दस्तुर | २०००० | |
| १० | बाल बिकास केन्द्र | ११००० | |
| ११ | परिक्षा | २६४१८२ | २९४५७५ |
| १२ | प्रमाण पत्र | १८७४०० | |
| १३ | पेश्कि | ५००० | ५००० |
| १४ | ६ कोठे भवन | | २४७७१६८।७५ |
| १५ | सामाजिक मर्मत | ९४४४९ | १०००० |
| १६ | छात्राबास | १९९६६५४ | २०५०२०० |
| १७ | शौचालय(हिरिशडेक) | ४३६८३० | ३५१०२५ |
| १८ | निरत्तर मु. | ९०० | |
| १९ | बुक कर्नर | १७३९५० | ५४२४० |
| २० | नमूना बिद्यालय | | ५४८८३१२।६४ |
| २१ | घेरबार(०७७।०७८) | | ३१४६३५८ |
| २२ | घेरबार(०७८।०७९) | २७६९२४१ | ९५२२३५ |
| २३ | नमूना भवन(६कोठे) | २३८८९४८ | ५०२६७४ |
| २४ | नमूना भवन(४कोठे) | ४८४१८११ | २२८७२९६ |
| २५ | सिटिजन बैक | ५०००० | |
| २६ | ,राष्टपति(शौचालय) | | ७००००० |
| २७ | ,राष्टपति(ICT) | ६५०००० | १५०००० |
| २८ | मुद्धति ब्याज | ४६१०९।४४ | २३०५।४६ |
| २९ | शैक्षिक कार्यक्रम | ५२०२००० | १४०१०२४ |
| ३० | अन्य | १६९५० | १६९५० |
| ३१ | बिविध | ११० | ७०१ |
| | | ३७१३१८७५।४४ | ३७६७९८१२।८५ |
| | गत आ.ब.को बाकि | १६३००३७८।६६ | |
| | | ५३४३२२५४।१ | ३७६७९८१२।८५ |
| | रा.वा.बैक मूगू शाखामा | बाकि | १,५७,५२,४४१।२५ |

रा. वा. वैंक मुगु शाखामा रहेको आ.व. ०७८।०७९ को व.हि.नं ४०६०१००००१४०४०१० मा रहेको आर्थिक विवरण

यस विद्यालयको राष्ट्रिय बाणिज्य वैंक मुगु शाखामा रहेको मुद्यती खाता रु.२१,५०,०००

| विवरण | आम्दानी | खर्च | बाकी |
|---|---|---|---|
| तलब भत्ता | ० | ९४५७४० | |
| सहयोग शुल्क | १२३२०८९ | | |
| साकृतिक सा.खरिद | | १००००० | |
| राष्ट्रपति रनिङ सिल्ड | | ५८७३५ | |
| टाइबेल्ट | | १७२५०० | |
| भ्रमण भत्ता | | १३९५०१ | |
| बिधुत | | ६४६१२ | |
| पाइप जालि खरिद | | ९१०३५ | |
| मसलन्द, स्टेशनरी | | ६१७३०४ | |
| सुचना तथा संचार | | २२३०४ | |
| काठ आम्दानि | १२१७१७२।४ | | |
| परिक्षा | | १३६८६० | |
| प्रमाण पत्र | ४८९००० | | |
| पेश्कि | १५९३९५० | | |
| पेश्कि जम्मा | | १५६५२०० | |
| सामाजिक परिक्षण | | ३५००० | |
| बि.सु.योजना | | ४५२५० | |
| मुद्धति ब्याज | ८५३२७५२ | १२८०८।११ | |
| शैक्षिक कार्यक्रम | ६४९५२३।८८ | ११९५६० | |
| | ५२६७०६२।८ | ४१२६४०९।११ | ११४०६५३।६८ |

निक्षेप रहेको र छायाँनाथ सहकारीमा संस्थामा दिलिप स्मृति कोषमा विद्यालयको तर्फबाट रु. २,००,००० को कोष खडा गरिएको छ।

यसरी माथिको आम्दानी को अवस्थालाई हेर्दा शशर्त रुपमा प्राप्त रकमलाई सम्बन्धित खर्च शीर्षकमा खर्च भएको र विद्यालयको अन्य आफ्नो आम्दानीको स्रोत खासै नरहेको अवस्था देखिन्छ । नेपाल सरकारको अनिवार्य आधारभूत निशूल्क शिक्षा र निशूल्क माध्यमिक शिक्षा नीति अनुसार विद्यार्थीहरुबाट कुनैपनि प्रकारको शूल्क लगाउन नपाउने र अन्य आम्दानीका स्रोत नभएका कारण आम्दानी प्राप्ती को अवस्था कमजोर देखिन्छ । आगामी वर्षबाट विद्यालयका आम्दानीका स्रोतहरु पहिचान गरि आम्दानी बढाई विद्यार्थीको चाप अनुसार शिक्षक व्यवस्थापन गर्ने र अन्य गुणस्तरीय शिक्षा व्यवस्थापनमा खर्च गर्नु पर्ने देखिन्छ ।

**(ख) कर्णाली प्रदेश सरकारवाट प्राप्त स्रोत :**

कर्णाली प्रदेश सरकारबाट भवन निर्माण तथा वालविकास सहजकर्ताका लागि चाडवाड खर्चका नाममा आर्थिक सहयोग प्राप्त भएको छ। आ.व. ०७४।०७५ देखि हाल सम्म कर्णाली प्रदेश सरकारबाट २ वटा भवन निर्माण, डिजिटल पुस्तकालय निर्माण गर्न र अन्य शैक्षिक गतिविधि सन्चालन गर्न आर्थिक सहयोग प्राप्त भएको छ।

**(ग) स्थानीय तहबाट प्राप्त श्रोत**

स्थानीय तह भनेको छायाँनाथ रारा नगरपालिका हो। हाल आधारभूत तह तथा माध्यमिक तहको शिक्षाको सन्चालन तथा व्यवस्थापन सम्पूर्ण अधिकार स्थानीय तहमा प्रदान गर्ने नीतिगत व्यवस्थाका कारण स्थानीय तहबाट शशर्त अनुदान का अलावा अन्य अनुदान प्राप्त हुदै आएको छ। नगरपालिका बाट व्यवस्थापन गरिएका शिक्षकको तलव, वालविकास सहजकर्ताको प्रोत्साहन भत्ता, लगायत अन्य विकास निमार्णमा आर्थीक स्रोत उपलब्ध हदै आएको छ।

**(घ) समुदाय एवं अन्य निकायबाट प्राप्त श्रोत साधनको प्रयोग र उपयोग**

विद्यालय समुदायकै सम्पत्ती भएकोले समुदाय नै विद्यालय विकासमा अग्रसर हुनु पर्छ। गत आर्थिक वर्षमा समुदाय र समुदायका एकाइबाट निम्नानुसारको योगदान रेहेको छ।

| क्रसं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | समुदायबाट विद्यालयको जनश्रमदान | ० | |
| २ | सहयोग रकम मा .वि | ० | |
| ४ | हिरेन्डेकबाट विशेष कक्षाका वालवालिकाका लागि छात्रवास निर्माण | १,२०,००,००० | |
| ५ | हिरिस्डेक, मुगुबाट वास सुविधा सहितको शौचालय निर्माण | १९,००,००० | |
| ६ | केपिएडिएफ बाट खानेपानी मर्मत सहितको शौचालय निर्माण | ६८,००,००० | |
| ७ | अन्य संघ संस्थाहरुबाट बालवालिकाहरुका बहिरा वालवालिकाहरुका लागि आवश्यक सामग्री वितरण | ९८,५०० | |
| | जम्मा | २,०७,९८,५०० | |

विद्यालयको विकासमा योगदान पुऱ्याउन गैर सरकारी संघसंस्थाहरुले सहयोग पुर्‍याउदै आएका छन्। त्यस्ता सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको पहिचान गरी सम्पर्क बढाउने र विद्यालयलाई के कति सहयोग कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा समन्वय र छलफल गरी योजना निर्माण गर्दा विद्यालय विकासमा सहयोग पुग्ने देखिन्छ।

**(ङ) विद्यालयको आफ्नो नीजि श्रोतबाट भएको आम्दानी**

| क्रसं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | बैङ्कबाट प्राप्त व्याज | ८५३२७५२ | |
| २ | सहयोग शूल्क, प्रमाण पत्र आदीवाट | १२३२०८९ | |
| ३ | काठ ,टिन र अन्य सामग्रको लिलाम विक्रीबाटबाट आम्दानी | १२१७१७२।४ | |
| ४ | प्रमाण पत्र | ४८९००० | |
| | **जम्मा** | ३०,२३,५८८।६ | |

विद्यालयको अचल समपत्तीको रुपमा रहेको जग्गा जमीनबाट अझै बढि लाभ लिन सकिने देखिन्छ। यसका लागि सरोकारवालाहरु सँग परामर्श गरी अल्पकालिन र दीर्घकालिन योजना निमार्ण गरी लागू गर्नु पर्ने देखिन्छ।

**३.७ सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापन :**

वदलिदो वर्तमान अवस्था र सूचना प्रविधिको क्षेत्रमा भएको विकासलाई आत्मसाथ गर्नका लागि यस विद्यालयले पनि कम्प्यूटर, प्रोजेक्टर, स्मार्टवोर्ड, इ-हाजिरी, प्रन्टर, बैकल्पीक उर्जा व्यवस्थापन अन्तर्गत जेनेरेटर, सी.सी.क्यामरा आदीको व्यवस्थापन गरि प्रयोगमा ल्याएको छ । पूराना कक्षा कोठा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड पूरा गर्न नसकेका कक्षा कोठा र विद्यार्थीको बढ्दो चापका कारण सूचना तथा प्रविधिलाई कक्षाकोठामा प्रभावकारी रुपमा सन्चालन गर्न नसकिरहेको सन्दर्भमा आगामी दिनमा थप साधन र स्रोतको व्यवस्थापन गरि कक्षाकोठामा प्रयोग गरि गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने योजना विद्यालयले तयार गरेको छ ।

विद्यालयका सम्पूर्ण अभिलेखहरुलाई विद्युतीय माध्यमबाट अभिलेखिकरण गर्नका लागि पहल भैरहेको छ । विद्यालय स्तरीय सूचनाहरुलाई व्यवस्थापन गर्नका लागि नेपाल सरकारबाट निर्माण गरिएको एकिृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ जसले गर्दा विद्यार्थीहरुको तथ्यांक व्यवस्थापन, परीक्षा व्यवस्थापन, नतीजा व्यवस्थापन, प्रमाणिकरण, कम्प्यूटरमा आधारित लेखा प्रणाली, विद्यालयको व्यवस्थापकिय प्रवन्ध, भौतिक सम्पत्तिहरुको अभिलेखिकरण, विभिन्न शैक्षणिक योजनाहरुको निर्माण तथा कार्यान्वयन, विपद् व्यवस्थापन सम्बन्धी सूचना प्रणालीको व्यवस्था र विद्यालयमा कार्यरत जनशक्तिहरुको अभिलेख व्यवस्थापन लाई व्यवस्थित गर्न सहज भएको छ ।

**३.८. विज्ञान प्रयोगशाला र पूस्तकालय व्यवस्थापन :**

यस विद्यालयले छुट्टै कक्षको व्यवस्था गरि विज्ञान सामग्रीहरुको व्यवस्था र प्रयोग गर्दै आएको छ भने विद्यालय स्तरमा आवश्यक पर्ने शैक्षिक सामग्री, सन्दर्भ सामग्री र पाठ्यपुस्तकहरुको व्यवस्थापन गरि पुस्तकालयको प्रयोग गर्दै आइरहेको छ ।

**३.९. अतिरिक्त क्रियाकलाप**

विद्यार्थीहरुको कक्षाकोठाको औपचारिक शिक्षाका अलावा उनीहरुको ज्ञान, सीप र सक्षमतामा थप बल पुर्‍याउन तथा उनीहरुको व्यक्तित्व विकास गराउन सह तथा अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरिन्छ । यसबाट समुदायका विभिन्न सामाजिक, साँस्कृतिक, धार्मिक तथा वातावरणिय पक्षको ज्ञान हुनुका साथै तीनको संरक्षण र संबर्धनमा जुट्ने सुयोग्य नागरिक उत्पादन गर्नमा मद्दत पुग्छ । यस विद्यालयमा आकस्मिक रुपमा यस्ता सहक्रियाकलाप भएको देखियतापनि योजनाबद्ध रुपमा कार्यक्रम सन्चालन हुन नसेको देखिएको हुँदा आगामी बर्षबाट सो को कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

**(क) खेलकुद**

भनिन्छ, स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको बास हुन्छ । त्यसैले स्वस्थ मस्तिष्क भएका स्वस्थ नागरिक उत्पादन गर्न खेलकुदको ठूलो भूमिका हुन्छ । खेलकुदले विद्यार्थीको शारीरिक बृद्धि गर्न, स्वस्थ मस्तिष्कको विकास गर्न, स्वस्थ प्रतिस्पर्धाको भावना जगाउन र सामुहिक एकताको भावना जगाउन मद्दत गर्छ ।

यस महाकाली नमूना मा वि मा विभिन्न तहमा विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिन्छ । यस भित्र जिल्ला खेलकुद विकास समितिले आयोजना गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता देखि मेयरकप कार्यक्रम आयोजना गर्ने खेलकुद र विद्यालय आफैले आयोजना गर्ने खेलकुद कार्यक्रम पर्दछन् ।

खेलकुदमा रुची भएका विद्यार्थीहरुको लगन र मिहिनत, खेल शिक्षकको निर्देशन, प्रशासन र व्यवस्थापन समितिको प्रोत्साहन तथा आर्थिक सहयोगले यस विद्यालयले गत २०७८ सालका जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता जित्न सफल भएको थियो

कोभिड १९ महामारीका कारण विगत ३ वर्ष देखि जिल्ला स्तर र स्थानीय स्तरमा कार्यक्रमहरु सन्चालन हुन नसकेतापनि विद्यालयले कार्ययोजना बनाई नियमित खेलकुद कार्यक्रम सन्चालन गर्नु पर्ने देखिन्छ ।

**(ख) सदन विभाजन**

शैक्षिक वर्षको शुरुसँगै विद्यार्थी भर्नाको आधारमा उनीहरुलाई समानुपातिक ढंगले ४ सदनमा विभाजन गर्ने गरिएको छ । सदनका नामाकरण प्रसिद्ध धार्मीक स्थल वा हिमालको नामबाट गरिन्छ । सदन विभाजन पछि विभिन्न अन्तर सदानात्मक क्रियाकलाप संचालन गरिन्छ । यस्ता क्रियाकलापहरु शैक्षिक, सांस्कृतिक, शारीरिक र सिर्जनात्मक हुन्छन् । कुनै आमन्त्रित क्रियाकलापमा विद्यार्थी पठाउँदा पहिले अन्तर सदनात्मक प्रतियोगिता संचालन गरिन्छ र त्यसमा छनौट भएकालाई मात्र प्रतिस्पर्धामा पठाइन्छ ।

**(ग) हाजिरीजवाफ, हिज्जे, कविता, नाटक, निबन्ध तथा अन्य प्रतियोगिता सञ्चालन**

विद्यार्थीलाई किताबी ज्ञानका साथै समसामयिक बस्तुस्थितिको बारेमा जानकार बनाउन र उनीहरु भित्रको प्रतिभालाई प्रष्फुटन गराउन विद्यालयले विभिन्न बौद्धिक किसिमका सह वा अतिरिक्त क्रियाकलाप संचालन गर्नु पर्छ । त्यस्ता क्रियाकलापको कारणले विद्यार्थीले भावि जीवनलाई सहज बनाउन मद्दत पुग्छ ।

हाम्रो विद्यालयमा यी क्रियाकलाप योजनाबद्ध ढंगले भन्दा पनि आवश्यकता खड्केको अवसरमा तत्काल आयोजना गरिन्छन् । कहिलेकाहिँ विभिन्न संघ संस्थाको आव्हानमा आयोजना गरिन्छन् । आउँदा दिनहरुमा यस्ता किसिमका क्रियाकलाप वार्षिक कार्यक्रम बनाइ

नियमित रुपमा संचालन गर्नु पर्ने देखिन्छ । सकेसम्म साप्ताहिक रुपमै कार्यक्रमको आयोजना गर्ने, नभए पाक्षिक रुपमै भएपनि कार्यक्रम गर्ने योजना बनाउनु पर्छ । यसो गर्दा तहगत क्षमतालाई भने ध्यान दिनु पर्ने हुन्छ ।

**(घ) बाल क्लब, सामुदायिक क्रियाकलाप जस्तै सरसफाई अभियान, अभिभावक जागरण कार्यक्रम**

विद्यार्थीहरुमा एक अर्काबाट सिक्ने र सिकाउने वातावरणको विकास गर्न तथा सिकेका कुरा समुदायको परिवर्तनमा लगाउन विभिन्न क्लब गठन गरी विभिन्न अभियान र कार्यक्रममा सहभागि गराउन सकिन्छ ।

यस नमूना मा वि मा माध्यमिक तह सम्मका विद्यार्थी संलग्न नेपाल जुनियर रेडक्रस सर्कल गठित छ तर निष्कृय जस्तै छ । नेपाल रेडक्स सोसाइटी,मुगुको पहलमा एउटा क्लव थियो, जो आजकल निष्कृय देखिन्छ । यस विद्यालयमा किडार्क नेपालको सक्रियतामा गठित वाल क्लब छ । यसले वालवालिकासँग सम्बन्धित क्रियाकलापहरु गर्दछ । यस क्लबको कार्य समिति १५ सदस्यीय छ ।

विद्यार्थीहरुलाई आफै काम गर्न सक्ने platform उपलब्ध गराउन यस्ता क्लब गठन गर्न प्रेरित गरी सामुदायिक विकासमा लगाउन सकिन्छ । उदाहरणको लागि सरसफाई अभियान, अभिभावक जागरण कार्यक्रम, वनजंगल संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम, मदिरा तथा सूर्तीजन्य पदार्थको बेफाइदा सम्बन्धी चेतनामुलक कार्यक्रम, विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम तथा यस्तै सामाजिक वकृती न्यूनीकरण तथा रोकाथाम जस्ता कार्यक्रममा परिचालन गर्न गराउन सकिन्छ ।

**(ङ) जुनियर रेडकस गठन तथा सञ्चालन :**

यस विद्यालयमा र नेपाल रेडकस सोसाइटी शाखा कार्यालय मुगुको समझदारीमा जुनियर रेडकस गठन भई विद्यालयका आन्तरिक तथा वाहय क्रियाकलापहरुमा स्वयंसेवा कार्यक्रम सन्चालन गरिदै आएको छ । नेपाल रेडकस सोसाइटीबाट आवश्यक प्रशिक्षण, प्राविधिक सेवा, तथा स्वास्थ्य र अन्य सामग्रीहरु उपलब्ध गराई मानव सेवा सन्चालनमा सहयोग पुर्‍दै आएको छ ।

**३.७ सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापन :**

वदलिदो वर्तमान अवस्था र सूचना प्रविधिको क्षेत्रमा भएको विकासलाई आत्मसाथ गर्नका लागि यस विद्यालयले पनि कम्प्यूटर, प्रोजेक्टर, स्मार्टवोर्ड, इ-हाजिरी, प्रन्टर, बैकल्पीक उर्जा व्यवस्थापन अन्तर्गत जेनेरेटर, सी.सी.क्यामरा आदीको व्यवस्थापन गरि प्रयोगमा ल्याएको छ । पूराना कक्षा कोठा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड पूरा गर्न नसकेका कक्षा कोठा र विद्यार्थीको बढ्दो चापका कारण सूचना तथा प्रविधिलाई कक्षाकोठामा प्रभावकारी रुपमा सन्चालन गर्न नसकिरहेको सन्दर्भमा आगामी दिनमा थप साधन र स्रोतको व्यवस्थापन गरि कक्षाकोठामा प्रयोग गरि गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने योजना विद्यालयले तयार गरेको छ ।

विद्यालयका सम्पूर्ण अभिलेखहरुलाई विद्युतीय माध्यमबाट अभिलेखिकरण गर्नका लागि पहल भैरहेको छ । विद्यालय स्तरीय सूचनाहरुलाई व्यवस्थापन गर्नका लागि नेपाल सरकारबाट निर्माण गरिएको एकिृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ जसले गर्दा विद्यार्थीहरुको तथ्यांक व्यवस्थापन, परीक्षा व्यवस्थापन, नतीजा व्यवस्थापन, प्रमाणिकरण, कम्प्यूटरमा आधारित लेखा प्रणाली, विद्यालयको व्यवस्थापकिय प्रवन्ध, भौतिक सम्पत्तिहरुको अभिलेखिकरण, विभिन्न शैक्षणिक योजनाहरुको निर्माण तथा कार्यान्वयन, विपद् व्यवस्थापन सम्बन्धी सूचना प्रणालीको व्यवस्था र विद्यालयमा कार्यरत जनशक्तिहरुको अभिलेख व्यवस्थापन लाई व्यवस्थित गर्न सहज भएको छ ।

**विद्यालयबाट आउदो आर्थिक बर्ष ०८०।०८१ मा सन्चालन गरिने क्रियाकलापहरु**

**(क) विद्यालयको भौतिक अवस्थासँग सम्बन्धित :**

- विद्यालयमा आ.व.२०७९।८० को प्राप्त बजेट बाट विद्यालयलाई आवश्यक ६ कोठे कमागत भवन निर्माणाधिन अवस्थामा रहेको र यसको पूर्णताका लागि आवश्यक पहल गर्ने
- स्थानीय तह र वडा कार्यालयसँग समन्वय गरि विद्यालय खेल मैदान व्यवस्थापन गर्न पहल भैरहेको
- घेरावार हुन वाँकी भागको घेरावार गर्ने कार्य भैरहेको
- खानेपानीको मुहान तथा पाइपलाइनहरुको मर्मत संभार गरि खानेपानीको नियमित आपूर्ति गरि शौचालयको सर सफाइ गर्ने
- कक्षा कोठाहरुको सामान्य मर्मत तथा व्यवस्थापन गरि सन्चालनमा ल्याउने ।

**(ख) विद्यालयको वातावरणीय अवस्थासँग सम्बन्धित :**

- विद्यालयको वाहिरी वातावरण र कक्षाकोठामा सरसफाइको योजना बनाई कार्यान्वयन गर्ने,
- शौचालयहरुको सरसफाई सम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने,
- कक्षा कोठा र आवश्यक ठाउँमा डस्टविनहरुको व्यवस्था गरि फोहोर संकलन तथा खाल्डोमा व्यवस्थापन गर्ने,
- विभिन्न बोट विरुवा उपलब्धताका लागि सरोकारवाला निकायसँग समन्वय गरि बृक्षा रोपण र करेसाबारीको निर्माण तथा अन्य आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने,

**(ग) विद्यालयको शैक्षिक अवस्थासँग सम्बन्धित**

- विद्यालयको प्राथमिक स्तरमा विद्यार्थी संख्या न्यून हुदा सघन रुपमा विद्यार्थी भर्ना अभियान सन्चालन का लागि सडक नाटक, र्‍याली, घरदैलो अभियान, र रेडियोबाट प्रचार प्रसार गर्ने
- राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको तल्लो कक्षाको निर्माणात्मक मूल्यांकन पद्यतिलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने र माथिल्लो तहमा प्रयोगात्मक तथा परियोजना कार्यलाई मुख्य शिक्षण क्रियाकलापको रुपमा अविलम्वन गर्ने व्यवस्था मिलाउने,
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेका लर्निंग पोर्टलहरुलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरि शिक्षण क्रियाकलाप सन्चालन गर्ने,
- विद्यार्थीहरुको परीक्षा प्रणालीलाई व्यवस्थित बनाई कप्यूटरमा प्रविष्टि गर्ने र प्रमाणिकरण पनि सोही माध्यमबाट  गर्ने व्यवस्था मिलाई कार्यान्वयनमा ल्यउने,
- नतीजालाई विश्लेषण गर्ने र सम्बन्धित सरोकारवालाहरुका वीच सार्वजनिक गरि नतीजामा आधारित शिक्षण क्रियाकलापहरु सन्चालनमा ल्याउने
- विभिन्न शैक्षणिक योजनाहरुको सहभागितामूलक रुपमा निर्माण गरि कार्यानवयन गर्ने व्यवस्था मिलाउने,
- प्रत्येक कक्षाकोठाको वाहिर पट्टी वोर्डको व्यवस्था गरि विद्यार्थीको उपस्थिति सम्बन्धी दैनिक रुपमा अभिलेख राखि अनुस्थित हुने विद्यार्थीहरुका बारेमा अनुसन्धान गरि अनुपस्थिति दरलाई घटाउने व्यवस्था मिलाउने,
- आउदो शैक्षिक सत्र ८० बाट माध्यमिक तहमा प्राविधिक धार तर्फको इन्जिनियरिंग विषयको पठन पाठनका व्यवस्था मिलाउने र अन्य सामान्य विषय अन्तर्गत कक्षा ११ र १२ मा विज्ञान, कानून र व्यवस्थापन विषको कक्षा सन्चालनको व्यवस्था मिलाउने,
- कक्षा ६ देखि माथिका कक्षाहरुमा उपलब्ध भौतिक तथा मानविय स्रोतको तुलनामा विद्यार्थीको चाप अत्यधिक मात्रामा रहेको हुँदा सो लाई व्यवस्थापन गर्नका लागि विद्यार्थी भर्ना गर्दा निश्चित कोटा निर्धारण गरि प्रवेश परीक्षा लिने व्यवस्थापन मिलाईएको र आगामी दिनमा पनि त्यसलाई निरन्तर रुपमा कार्यान्वयन गर्दै लग्ने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले व्यवस्था गरे अनुरुपको कक्षा १ देखि ८ सम्मको राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय परिवेश अनुसारका विषय बस्तुहरुलाई समेटी प्रत्येक कक्षामा एउटा  विषयको स्थानीय पाठ्यक्रम छायाँनाथ रार नगरपालिका र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरि निर्माण तथा प्रयोग गर्ने

**घ) शिक्षकको तथा कर्मचारी पेशागत विकाससँग सम्बन्धित :**

- यस विद्यालयमा बढ्दो विद्यार्थीको संख्याको अनुपातमा शिक्षक संख्याको कमी भएका कारण माथिल्ला कक्षाहरुमा सेक्सन विभाजन गर्ने र आवश्यक जनशक्तिको व्यवस्वस्थापन गर्ने,
- समयानुकूल शिक्षण तथा अन्य व्यवस्थापनमा आएको परिवर्तन अनुसारको परिस्थितिसँग समायोजित हुनका लागि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुका लागि आवश्यकता अनुसारका छोटा अवधिका तालिमको व्यवस्था नमूना विद्यालय विकास कार्यक्रमबाट मिलाइने,
- विषयगत रुपमा आवश्यक तालिमहरुका लागि तालिम प्रदायक निकायहरुसँग समन्वय गरि शिक्षकहरुको पेसागत दक्षता अभिवृद्धि गर्ने व्यवस्था मिलाइने ।

**ङ) विद्यालयको आर्थिक अवस्थासँग सम्बन्धित**

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने आम्दानी बाहेक विद्यालयको आफ्नो आम्दानीका स्रोतहरु नभएका कारण विद्यालयहरु विभिन्न समस्यामा गुज्रिरहेका यथार्थ सर्बविदितै भएतापनि विद्यालय विकासका लागि आम्दानीका स्रोतहरुको पहिचान गरि योजना निमाण र कार्यान्वयन गरि आवश्यकताहरुको परिपूर्ति गर्नु पर्ने स्थिति देखिन्छ । यसका लागि आगामी दिनहरुमा निम्नानुसारका क्रियाकलाप गर्नेछ :
- स्थानीय अभिभावक, उद्योगी, व्यापारी तथा अन्य सरोकारवालाहरुसँग चन्दा, दान दतव्यका लागि प्रोत्साहित गर्ने कार्यक्रम सन्चालन गर्ने,

यो विद्यालयको अधिकांश भू भाग सार्वजनिक बाटोसँग जोडिएको हुदा सो भागमा व्यापारिक प्रयोजनका लागि टहरा निर्माण गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने,

- विद्यालयको प्रयोगमा नआएको जमिनमा सम्भावित फलफूलका विरुवाहरु रोपी आम्दानीको स्रोतको रुपमा विकास गर्ने,
- आवश्यकता अुसारका कार्यक्रमहरुको प्रस्तावनाहरु तयार गरि सरोकारवाला निकायहरुमा पेश गर्ने, समन्वय गर्ने र सहकार्य गर्न पहल गर्ने,
- विद्यालयमा आवश्यक पूर्वाधारहरु जस्तै : म्यूजियम, व्यवस्थित खेल मैदान, व्यवस्थित पुस्तकालयको निर्माण गरि विद्यालय हातामा प्रवेश गर्न प्रवेश शूल्कको व्यवस्था गर्ने,
- विद्यालयका आवश्यकताहरुको पहिचान गरि सो सम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्ने,

**च) विभिन्न सरकारी, गैर सरकारी तथा स्थानीय संघ संस्थासँगको समन्वयसँग सम्बन्धित**

- विद्यालयको सेवा क्षेत्र भित्र कार्यरत गैरसरकारी संस्थाहरुबाट विद्यालयलाई विभिन्न प्रकारका सहयोगहरु प्राप्त हुदै आइ रहेका छन् । विद्यालयका भौतिक पूर्वाधार विकासहरुमा भवन निर्माण तथा मर्मत, खानेपानी, सरसफाइ सामग्री, शौचालय, शैक्षिक विकासका लागि विभिन्न बैठक, तालीम, गोष्ठि, कार्यशाला, शैक्षिक सामग्रीहरु, सन्दर्भ सामग्रीहरु, कक्षाकोठा व्यवस्थापनका लागि फर्निचर, कार्पेट, बुक कर्नर र अन्य छात्रवृत्ति, तथा विद्यार्थी पोशाक, र शिक्षक व्यवस्थापन आदीको सहयोग गैर सरकारी तथा सरकारी निकायहरुबाट हुदै आइरहेको छ । आगामी दिनहरुमा सहयोगलाई निरन्तन्ता लागि समन्वय र सहकार्यमा योजना निर्माण गरि कार्यान्वियन गरिनेछ ।

**छ) विद्यालय विकासको विविध पक्षसँग सम्वन्धित :**

- सूचना तथा सञ्चार प्रविधिलाई कक्षा कोठामा प्रवेश गराई शिक्षणको माध्यमको रुपमा विकास गर्ने,
- हाल सन्चालनमा भएको पुस्तकालय सबै वालवालिका तथा अन्य पढ्न चाहने व्यक्तिहरुको लागि सर्बशुलभ सेवा उपलब्ध गराउनका लागि आवश्यक पूर्वाधारको विकासका लागि पहल गर्ने,
- सबै वालवालिकाहरुलाई विज्ञान प्रयोगशालाको पहुँचमा प्रयोगात्मक अभ्यासमा जोड दिन आवश्यक सामग्रीको व्यवस्था गर्ने,
- विद्यार्थी बस सेवा सन्चालनका लागि शिक्षा तथा मावन स्रोत विकास केन्द्र तथा भारतीय राजदुतावाससँग समन्वय गरि प्रस्तावना पेश गर्ने,
- देशका विभिन्न भागमा सन्चालनमा रहेका सफल नमूना विद्यालयहरुको अवलोकन तथा अनुकरणका लागि शैक्षिक भ्रमण कार्यक्रमलाई निरन्तरता दिने,
- जिल्ला कै पूरानो र केन्द्र विन्दुमा रहेको यस विद्यालयमा हालसम्म पनि प्राविधिक धार तर्फका कक्षाहरु सन्चालन गर्न नसकिएको सन्दर्भमा सम्भावित प्राविधिक शिक्षा तर्फको कक्षा सन्चालनका लागि सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने वातावरण मिलाउने,
- विद्यालयका सम्पूर्ण अभिलेख तथा तथ्यांकहरुलाई विद्युतीय प्रणालीहरुमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने,
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा प्रयोगमा ल्याई विकसित सबै पद्यतीलाई कार्यान्वियनमा ल्याउने,
- पढ्दै कमाउदै कार्यक्रम सन्चालनका लागि सम्बन्धित निकायमा पहल गर्ने,
- सघन अनुगमन तथा मूल्यांकन प्रणालीका संयन्त्र तयार गरि अनुगमन व्यवस्था मिलाउने,
- परीक्षा र मूल्यांकन प्रणालीलाई व्यवस्थित र तोकिएको मापदण्डका आधारमा सन्चालन गर्ने ।
- विद्यालयको गुरुयोजा, २०७५, नमूना विद्यालय सन्चालन निर्देशिका, २०७५ र विद्यालय विकास प्रस्तावनालाई विद्यालय विकासको मूल दस्तावेजको रुपमा लिई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।

२०७९ का लागि विस्तृत कार्यकलाप र वजेट

| क.स | कार्यकलाप | लक्ष्य/वजेट | | विस्तृत प्रक्रिया कसरी | जिम्मेवारी कसको | समयावधि कहिले सम्म |
|---|---|---|---|---|---|---|
| | | भौतिक लक्ष्य | वजेट | | | |
| १ | खेल मैदान घेरबार | १२५ | ३०००००० ।- | नमूना विद्यालय विकास कार्यव | वि.व्य.स | शैक्षिक शत्रको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | माग गर्ने | | अन्त्य सम्म |
| २ | वुक कर्नर निर्माण | १२ | १,००,०००।- | नमूनाविद्यालय विकास कार्यक्रम | वि.व्य.स | शैक्षिक शत्रको अन्त्य सम्म |
| ३ | विद्यालय कोठा र खेल मैदान व्यवस्थापन | १३ | १५०००० | स्थानीय तहमा माग | वि.व्य.स | शैक्षिक शत्रको अन्त्य सम्म |
| ४ | शिक्षण सिकाई उपलब्धी बढाउने | ९० प्रतिशत | ५०००० | सम्वन्धीत विषय शिक्षकले विविध क्रियाकलाप संचालन | सम्बन्धित विषय शिक्षकले र प्र | प्रथम,द्धितीय र वार्षिक परीक्षमा |
| ५ | अतिरिक्त क्रियाकलाप | प्रति हप्ता १पटक | ५०००० | बाल कलब र क्लबर सदन नेतृत्व लाई सहजिकरण | बाल क्लब र वालसदन | प्रत्येक हप्ताको शुक्रवार |
| ६ | स्थायी फर्निचर निर्माण | १०० जोडा | ६००००० | स्थानीय निकाय नगर पालिका | वि.व्य.स | शैक्षिक शत्रको अन्त्य सम्म |
| ७ | भुकम्प प्रतिरोधि भवन निर्माण | १ | १००,००००० | ठेक्का | वि.व्य.स | फागुन महिना |
| ८ | प्रारम्भीक बाल विकास केन्द्रको घेरावार शौचालय निर्माण र खेल सामग्रीको व्यवस्थापन | १ | २००००० | दैनिक ज्यालादारीमा | वि.व्य.स | असोज सम्म |
| ९ | नियमित अनुगमन | १२ पटक | – | वि.व्य.स शिक्षक अभिभावक संघले कार्यतालिका बनाएर | वि.व्य.स शिक्षक अभिभाक संघ | प्रत्येक महिनामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | अभिभावक भेला | २ पटक | ५०००० | पत्राचार गरेर | विद्यालय प्रशासन | मंसीर र चैत्र महिनामा |
| ११ | विद्यालय बाहिर रहेका बाल बालिकाको तथ्याङ्क संकलन | १ पटक | २५००० | सेवा क्षेत्रमा गई तथ्याङ्क भर्ने | विद्यालय प्रशासन | शैक्षिक शत्रको शुरुमा |
| १२ | शिक्षकहरुको शिक्षण डायरी तयारी, वितरण र प्रयोग | दैनिक | ५०,००० | पाठमा आधारित भएर सम्बन्धि शिक्षकले | सम्बन्धित शिक्षक | शैक्षिक सत्रको शरुमा |
| १३ | आर्थिक स्रोत व्यवस्थापन | निरन्तर | २५००००० | विभिन्न सरकारी तथ गै निकाय संग समन्वय गरेर | वि.व्य.स | शैक्षिक शत्र भरी |
| १४ | विपत व्यवस्थापन समिति गठन | १ पटक | ५००० | बालक्लब जुनियर रेडक्रस सर्क स्काउट सुरक्षा स्वास्थ्य NGO तथा INGO का प्रतिनिधित्व हुनेगरी | विद्यालय प्रशासन | पहिलो त्रैमासिकमा |
| १५ | स्थानीय शैक्षिक सामाग्री निर्माण | २ पटक | १५००० | शिक्षक र विद्यार्थीहरुको संलग्नतामा | विद्यालय प्रशासन | मंसिर मसान्त सम्म |
| १६ | विद्यालय खानेपानि तथा सरसफाई सम्बन्धी कार्ययोजना निर्माण | १ पटक | ५००० | बालक्लव तथा शिक्षक हरुको सयुक्त संलग्नतामा | विद्यालय प्रशासन | शैक्षिक शत्रको शुरुमा |
| १७ | स्थानीय पाठ्यक्रम निर्माण | १ पटक | २००००० | स्थानिय तहसँग तहसंग सम गोष्ठी | विद्यालय प्रशासन | मंसिर महिना सम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सञ्चालन | | |
| १८ | विशेष शिक्षा अन्तरगत बहिरा तथा सुस्त श्रवणका बालबालिकाको छात्राबास घेरवार | १ पटक | ७००००० | हिरिन्डेक मुगु संग समन्वय गरी सगयोग जुटाउने | विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्य सम्म |
| १९ | विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा जुकाको औषधी वितरण | २ पटक | १०००० | जनस्वास्थ्य कार्यलय संग समन | विद्यालय प्रशासन | ६/६ महिना वर्षको २ पटक |
| २० | विपत जोखिम न्यूनिकरण योजना निर्माण | १ पटक | ५००० | सम्वद्ध निकायसँग समन्वय ग योजना निर्माण्म गर्ने | विद्यालय प्रशासन | मंसिर महिना भित्र |
| २१ | अभिभावक भेला | १ | ५०००० | अभिभावकलाई पत्राचार गरेर | विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्य सम्म |
| २२ | विद्यालयको वार्षिकोत्स दिवस सन्चालन | १ | १,००,००० | सरोकारवालाहरुसँग सममन्वय | विद्यालय प्रशासन | मंसीर महिना भित्र |
| २३ | विभिन्न शैक्षिक योजना हरुको निर्माण तथा कार्यान्वयन | १ पटक | ५००० | विषयगत शिक्षक, वि.व्य.स सरोकारवाला निकाय सँग सम | विद्यालय प्रशासन | शैक्षिक सत्रको शुरुमा |

अन्तमा यस विद्यालय विकासका लागि सहयोग गर्नु हुने संस्थापक, चन्दादाता, बुद्धिजिवी, शिक्षाप्रेमी, अभिभावक, वि.व्य.स.का पदाधिकारीहरु, स्थानीय समुदाय, सरकारी तथा गैर सरकारी निकाहरु, जनप्रतिनिधिहरु, राजनैतिक दलहरु स्थानीय तह तथा प्रदेश तथा संघीय सरकारका प्रतिनिधिहरु, सुरक्षा निकायहरुमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा निरन्तर सल्लाह, सुझाव, सहकार्य र सहयोगको अपेक्षा गर्दछु ।

खड्ग बहादुर रोकाया

प्रधानाध्यापक

महाकाली नमूना मा.वि. गमगढी, मुगु

मिति :२०७९।११।१७

| क्र.स | आम्दानी अनुदान शीर्षक | प्राप्त रकम | खर्च रकम | बेरुजु भए नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | तलब भत्ता | १४९४८०९८ | १४७७५२०५ | | |
| २ | पा.पू. | ४८९१३१ | ४३५१३० | | |
| ३ | छात्रवृत्ति | ४३०६०० | ३०७५०० | | |
| ४ | दिवा खाजा | २०९१०० | १३०५३५ | | |
| ५ | विद्यार्थी सहयोग शुल्क | १२३६३४० | १५८३२७३ | | |
| ६ | खुला | १५२००० | १११२०० | | |
| ७ | बिशेष | ६३६२५० | ५०८६५० | | |
| ८ | अभ्यास शिक्षण | ३२७०० | ४९७५० | | |
| ९ | सा.सु । बि.सु | ३५००० | ३६४०० | | |
| १० | ,रेलिङ निर्माण | | ९२८८६ | | |
| ११ | मसलन्द ।स्टेशनरी | ३०००० | १४६८३१ | | |
| १२ | बाल बिकास | १०५०० | ० | | |
| १३ | डिजिटल | ० | २३७१०० | | |
| १४ | परिक्षा | ७६७५०१५ | ८९३७४ | | |
| १५ | सूचना।संचार | ० | २००३६ | | |
| १६ | ६ कोठे भवन | १९५६९८१ | ८६३२०० | | |
| १७ | सभाहल | ३२९२२६ | ३८०७८० | | |
| १८ | छात्रवास | १८०९८८५ | १६८६५०० | | |
| १९ | शौचालय मर्मत | ४५६९०७ | ४५१००० | | |
| २० | शौचालय नया | २६४४०९ | ३५०००० | | |
| २१ | पेश्कि | १६०००० | १६०००० | | |
| २२ | निरन्तर बि.मू. | २००० | | | |
| २३ | बुक कर्नर | २१८७५० | ९०४०० | | |
| २४ | मूद्यती ब्याज | १३९८२८।९५ | | | |
| २५ | मर्मत | ० | ८५०० | | |
| २६ | नमूना(भवन) | ९०००००० | २९३८५६८ | | |
| २७ | नमूना(घेरवार) | ६०००००० | २८५३६४२ | | |
| २८ | मू. कर | ० | १८४१४।६१ | | |
| २९ | कोभिड १९ निकासा | ६१९४०० | २७४२०० | | |
| ३० | बिशेष सामान | ९८५०० | १००००० | | |
| ३१ | प्रमाण पत्र | १५२५९८ | ० | | |
| ३२ | राष्टपति शै.सू.का | ७००००० | ० | | |
| ३३ | छात्रावास काठ बिक्री | १५९०४५ | ० | | |
| ३४ | पेश्कि फछ्यौट | १००००० | ० | | |
| ३५ | गत आ.ब. अल्या | ५२२२५७० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ४६९१२९०९।५ | ३०२८२३४८ | १६६३०५६१।८ | |

स्रोत : (लेखा शाखाको विद्यालयको आम्दानी र खर्चको विवरण )